# चाँगुनारायण मन्दिर परिसरका मूर्तिहरू



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पुरातत्व विभाग**
रामशाहपथ, काठमाडौं


# चाँगुनारायण मन्दिर परिसरका मूर्तिहरू

## उमामहेश्वर

सूचीकरण संख्याः CNTC १
पुरातात्विक वस्तुको नामः उमामहेश्वर

नापः
दिशाः आग्नेय कोण (छिन्नमस्ताको मन्दिरभित्र उत्तरतर्फ फर्केको मूर्ति)
तौलः
निर्मित पदार्थः ढुङ्गा

स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः तेश्रो शताब्दी
शैलीः मथुरा कुषाणकालीन शैली



उमामहेश्वर

अभिलेख भएमाः
हालको अवस्थाः

वस्तुको विवरणः
छिन्नमस्ताको मन्दिर भित्र रहेको मुर्तिलाई मुर्तिको स्वरुप अध्ययन गर्दा तेश्रो शताब्दी मानिएको छ । यस मूर्तिमा शिव देब्रे खुट्टा तलतिर झुण्ड्याई दहिने खुट्टा आसनमा राखि ऊर्ध्वरत मुद्रामा बसेका छन् । शिबसंग देब्रेपट्टि एउटै आसनमा उमा दुबै खुट्टा तलतिर झुण्डाई अलि कर्के जीउ पारी मुखचाहि शिवतर्फ फर्काए जस्तो गरी बसेका छन् । शिवका दुईहातमा दाहिने हात आफ्नै दायाँ काखमा राखी देब्रे हातचाहि बायाँ तिघ्रामा अड्याई बसेका छन् । उमाको साथमा दाहिने हातमा मातुलुङ्ग र त्रिशुल हुन्छ । बायाँ हातले उमाले आलिङ्गन गरी अर्को हातमा नागेन्द्र हुन्छ । उमाको एउटा हात शिवको काँध माथि र अर्को हातमा ऐना हुन्छ । यसको तल्लो तहमा वृष, कुमार र गणेश तथा भृङ्गी (जसको शरीरमा मासू हुदैन) नाचेको अवस्थामा देखाइएको हुन्छ । तर यस मुर्ति ज्यादै नराम्रोसंग खिइएको हुँदा शिवका हातमा वस्तुहरुको राम्रो पहिचान गर्न सकिएको छैन । शिवको जटाजुट,कानमा कुण्डल र गलामा लगाइएको एकसरो माला स्पष्ट देखिएका छन् । शिवको पछिल्तिर टाउको मात्र देखाई वसेको अवस्थाको नन्दी देखिन्छ । तर यहाँ कुमारको उपस्थिति देखिदैन र अन्य उमा महेश्वरको मूर्तिमा भएका गुणहरू यसमा देखिदैन । देब्रेतिर वसेकी उमाको केश विन्यास, केण्डल, पटुका, गहना र मोटामोटा कल्लीहरु भने देख्न सकिन्छ । शिव र उमाका शिरका पृष्ठ भागमा रहेको गोलो तथा विलकुलै सादा प्रभामण्डलले यस मुर्तिको प्राचिनतालाई प्रस्टाएको छ ।

वस्तुको विवरण:

छिन्नमस्ताको मन्दिर भित्र रहेको मुर्तिलाई मुर्तिको स्वरुप अध्ययन गर्दा तेश्रो शताब्दी मानिएको छ। यस मूर्तिमा शिव देब्रे खुट्टा तलतिर झुण्ड्याई दहिने खुट्टा आसनमा राखि ऊर्ध्वरत मुद्रामा बसेका छन्। शिबसंग देब्रेपट्टि एउटै आसनमा उमा दुबै खुट्टा तलतिर झुण्डाई अलि कर्के जीउ पारी मुखचाहि शिवतर्फ फर्काए जस्तो गरी बसेका छन्। शिवका दुईहातमा दाहिने हात आफ्नै दायाँ काखमा राखी देब्रे हातचाहि बायाँ तिघ्रामा अड्याई बसेका छन्। उमाको साथमा शêर भई दाहिने हातमा मातुलुङ्ग र त्रिशुल हुन्छ। बायाँ हातले उमाले आलिङ्गन गरी अर्को हातमा नागेन्द्र हुन्छ। उमाको एउटा हात शिवको काँध माथि र अर्को हातमा ऐना हुन्छ। यसको तल्लो तहमा वृष, कुमार र गणेश तथा भृङ्गी ( जसको शरीरमा मासू हुदैन) नाचेको अवस्थामा देखाइएको हुन्छ। तर यस मुर्ति ज्यादै नराम्रोसंग खिइएको हुँदा शिवका हातमा वस्तुहरुको राम्रो पहिचान गर्न सकिएको छैन। शिवको जटाजुट,कानमा कुण्डल र गलामा लगाइएको एकसरो माला स्पष्ट देखिएका छन्। शिवको पछिल्तिर टाउको मात्र देखाई वसेको अवस्थाको नन्दी देखिन्छ। तर यहाँ कुमारको उपस्थिति देखिदैन्। देब्रेतिर वसेकी उमाको केश विन्यास, केण्डल, पटुका, गहना र मोटामोटा कल्लीहरु देख्न सकिन्छ। शिव र उमाका शिरका पृष्ठ भागमा रहेको गोलो तथा विलकुलै सादा प्रभामण्डलले यस मुर्तिको प्राचिनतालाई प्रस्टाएको छ।

# सरस्वती



सरस्वती

सूचीकरण संख्याः CNTC २
पुरातात्विक वस्तुकोनामः सरस्वती

नापः
दिशाः इशानकोण (छिन्नमस्ता मन्दिरभित्रको यस मूर्ति उत्तर
फक्रिएको छ ।
तौलः
निर्मित पदार्थः ढुङ्गा

स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः मध्यकालिन
शैलीः

पछिल्लो मध्यकालिन कला शैलीमा निर्मित यस मूर्तिको कलाकारिता पूर्ण रुपमा परिष्कृत देखिन्छ । नाप तौलका आधारमा तापमान मिलेको जस्तो देखिने यस मूर्ति राम्रो देखिन्छ । मूर्तिमा प्रयोग भएको गरगहनाको सहि मात्रामा गरिएको प्रयोगले मूर्तिको सौन्दर्यलाई बढाएको देखिन्छ । पछिल्लो कालमा बनेका सरस्वतीका मूर्तिहरुमा मूर्तिको तल्लो तहमा गणेशको मूर्ति पनि बनाउने चलन चलेको देखिन्छ ।

अभिलेख भएमाः
हालको अवस्थाः

मूर्तिको हालको अवस्था राम्रो देखिन्छ । छिन्नमस्ता मन्दिर भित्र नै रहेको हुनाले यस मूर्ति सुरक्षित अवस्थामा देखिन्छ ।

राय/सुझावः

मूर्तिमा धार्मिक प्रयोजनका लागि प्रयोग गरिएका सामग्रीहरूले मूर्तिमा नकारात्मक प्रभाव पर्ने हुनाले यस सम्बन्धि ध्यान दिनु पर्ने देखिन्छ । वस्तुको विवरणः सरस्वतीको वर्णन वेदमा पाईन्छ । ऋग्वेदमा विद्याधिष्ठात्रीको रुपमा धनाधिष्ठात्रीको रुपमा पनि सरस्वतीको वर्णन पाईन्छ । यजुर्वेदमा अश्विनीकुमारका साथमा रहेर यिनी धन र सुन्दरस्वरुपको निर्माण गर्दछिन भनी बताएको छ । यस्तै सरस्वतीलाई आश्विनीकुमारको पत्नी मानी वर्णन गरेको छ । पुराण्मा आएर सरस्वतीको आदिदैविक अवस्थाका नाना रुप मानिएको छ र मुख्य रुपमा विष्णुकी पत्नी मानेको छ । यिनी चतुर्वाहु, दायाँ बाहुमा पुस्तक र जपमाला, बायाँ बाहुमा वीणा र कमण्डलु धारण गरेको, श्वेतवर्णकी, उठेको सरस्वतीको मूर्तिको वर्णन विष्णुधर्मोत्तरमा छ । यस्तै अर्को ठाँउमा अक्षमाला, त्रिशूल, पुस्तक र कमडण्लु लिएकी चर्तुवाहु मूर्तिको वर्णन छ ।

वस्तुको विवरण:

प्रलम्बपादाशनमा बसेकी यी देवीलाई कौमारी मानिएको छ। हातमा लिएको आयूध असपष्ट भए पनि दाहिनेतर्फको आतले शक्तिको प्रर्दशन गरे जस्तो देखिने हुनाले यसलाई कौमारी भनि अनुमान गरिएको छ। सप्तमातृकाहरूमा कौमारी पाँचौमा पर्दछ। महादेव र गंगा पुत्र कुमारकी अर्धाङ्गसनी  कौमारी हुन्। विष्णु धर्मोत्तर पुराणमा यिनी रक्त वर्णकी, बाह्रहात भएकी मयुर बाहनयुक्त देखाईन्छ। कहीले काहीं हात्ती पनि देखाईएको हुन्छ।  यिनमा दायाँ हातहरूमा शक्ति, ध्वजा, दण्डपात्र, वाण, हुनुका साथै एक हात वरद मुद्रमा र देब्रेतिरका हातहरूमा धनुष, घण्ट, खप्पर, कुकुट र परशु हुने गर्दछ। यी लक्षणहरू यस मूर्ति नदेखिए पनि पूर्व अध्ययन् कर्ता र इतिहाविदहरूले यस मूर्तिलाई कौमारी नै भनिएको पाइन्छ।

## गणेश

सूचीकरण संख्याः CNTC ३
पुरातात्विक वस्तुको नामः गणेश



गणेश

नापः
दिशाः आग्नेय कोणमा छिन्नमस्ताको मन्दिर भित्र पश्चिम फर्किएको मूर्ति
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः सातौं शताब्दी

शैलीः

बलौटे ढुङ्गामा कुँदिएको अभिलेख युक्त यस गणेशको मूर्ति काठमाडौ उपत्यकामा प्राप्त प्राचिन गणेश मूर्ति हो । बस्त्र र आभूषण रहित यस मूर्तिमा प्राकृतिक हात्तिको टाउको छ । यस मूर्तिमा मुकुट वा अलंकार देखिदैन । सुखासनमा बसेका गणेशको देब्रहातमा मोदक पात्र छ । दाहिने हातमा लड्डु वा फल लिएको देखिदैन । एकदन्ता युक्त यस मूर्तिको सूँड देब्रेतर्फ घुमी मोदकपात्र माथि अडेको छ ।

अभिलेख भएमाः छ
हालको अवस्थाः

छिन्नमस्ता मन्दिरभित्र रहेको यस मूर्ति हालको अवस्था राम्रो देखिन्न । मूर्ति खिईएको सरसफाईको अभावले गर्दा बिग्रदो क्रममा छ । उपत्यकामा प्राप्त प्राचिन मूर्तिहरूमा पर्ने यस मूर्तिको संरक्षण र सम्बर्धनको कमी देखिएको छ ।

राय/सुझावः

परातात्विक महत्व बोकेको यस मूर्तिको सम्रक्षण र सम्बर्धन समयमा नै गरिनु आवश्यक छ । बलौटे ढुङ्गाबाट बनेको मूर्ति हुनाले यसलाई पानी र अन्य रसायन युक्त पूजा सामग्रीको प्रत्यक्ष असर पर्ने हुनाले यस्ता वस्तुबाट मूर्तिलाई बचाउनु पर्दछ । मन्दिर सफासुग्घर नराख्ने हाम्रो व्यबहारले गर्दा पनि मूर्ति तथा सम्पदालाई नकरात्मक असर परेको छ ।

वस्तुको विवरणः

गणेशलाई ओंकारको प्रतिक मानिन्छ । आयूध भेद अनुसार गणेशका अनेकौ नाम छन । रूपमण्डनमा गणेशलाई हेरम्ब र बक्रतुण्ड भनि संबोधन गरिएको छ । सामान्यतया गणेश चारहातका हुन्छ । यिनका बाहान मुसालाई धर्मका प्रतिक मानिन्छ । गणेशका चार हातमा दंत, परशु, पद्मम र मोदक हुन्छन् र यिनलाई गजानन पनि भनिन्छ । गणेश एक दन्ता र अर्को दात उनले हातमा नै समाएको हुन्छ ।

गणेशको सामान्यतया दुई नेत्रको हुने भए पनि मत्यस्यपराण,रूपमण्डनमा चाँहि तिन नत्रे हुनु पर्ने भनिएको छ। वक्रतुण्ड, चर्तुभुज भएको उनका हातमा पाश, अंकुश र बाँकि दुइ हात वरद रअभय मुद्रामा हुन्छन्। वक्रतुण्ड लम्बोदर, ठूलो कान भएको हुने कुरा रुपमण्डनमा उल्लेख छ। हेरम्वको रुपमा गणेशको पाँचवटा अनुहार आठवटा हातमा हुन्छन्। उनको दाहिने हात वरद र दोश्रो हात अभय मुद्रामा हुन्छ। बाँकी दुई हातमा अङ्कुश र दंत हुन्छ। गणका स्वामीको रूपमा गणेशका नाममा वैदिक तन्त्रको प्रयोग गर्ने गरिएको पाइए तापनि खास गणेशलाई बुझाउने अर्थ भएका मन्त्र वेदमा पाइदैन।

# ब्रह्मायणी



ब्रह्मायणी

सूचीकरण संख्याः CNTC ४
पुरातात्विक वस्तुको नामः ब्रह्मायणी

नापः
दिशाः इशाानकोण (छिन्नमस्ता मन्दिरभित्र रहेको
उत्तरतर्फ फर्किएको मूर्ति)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः दोश्रो शताब्दि

शैलीः

यस मूर्तिको कला शैली मथुराकालिन कला शैलीसंग मिल्दो जुल्दो देखिन्छ । हृष्टपुष्ट शरीरिक बनावट, ठूला ठूला कानका कुण्डल, खुट्टामा लगाइएको मोटा मोटा कुण्डल गलामा भएको विशेष प्राकारको मालाको प्रकृतीले गर्दा पनि यस मूर्तिलाई प्राचीनकला शैलीको मूर्तिमा राख्न सकिन्छ ।

अभिलेख भएमाः
हालको अवस्थाः

यस मूर्तिको हालको अवस्था राम्रो छ । छिन्नमस्ता मन्दिर भित्र यो मूर्ति रहेको हुँदा हावा पानीको प्राकृतिको नकारात्मक प्रभावबाट केही हदसम्म बचेकै देखिन्छ । तर पनि बली चढाईएका जनावरका रगत र पूजा पद्धतिमा प्रयोग गरिने सामग्रीको नकररत्मक असर मूर्तिमा परेको देखिन्छ ।

राय सुझावः

हाम्रो पूजा पद्धतीमा प्रयोग हुने सामाग्रीहरुको रसायनिक प्रभावले कालान्तरमा नकारात्मक प्रभाव पर्न सक्ने सम्भावना रहेको हुनाले यस बिषयमा पनि सोच्नु पर्ने देखिन्छ । यस मूर्ति रहेको मन्दिरभित्र सरसफाई नहुदा र बली दिईएका जनावरको रगतले मूर्तिमा प्रत्यक्ष असर पर्न सक्ने हुनाले यसबाट बचाउन उचित कदम चालिनु पर्दछ । मूर्तिलाई  र मन्दिरलाई समय समयमा सफा सुग्घर राख्ने व्यबस्था मिलाईनु आवश्यक छ । मन्दिर र मूर्तिको स्थान हाम्रो समाजमा उच्च रहेको हुनाले यसलाई बचाउन सफासुग्घर राख्नका लागि धार्मिक आस्था देखाएर नै नियम बनाउनु पर्दछ ।

वस्तुको विवरण:

छिन्नमस्ता मन्दिरभित्र प्रप्त चार मूर्तिहरुमा पोशाक,शरीरिक बनौट, शैली र मुद्राका आधारमा यी मूर्तिलाई इशाको दोश्रो शताब्दीको मान्न सकिन्छ। यस मूर्तिहरुमा स्पष्ट राम्रो अवस्थामा रहेको ब्रह्मायणीको मूर्ति हो। प्रलम्बपादासनमा अवस्थित यो मूर्तिको तुलना पाटन हौग:वहालको बहुचर्चित मातृका र भारतमा पाइने मगुरा शैलीका  कतिपय कुषाणकालीन देवी मूर्तिहरुसंग गर्न सकिन्छ। चेप्टो र पुष्ट मुखाकृति, कान झोलिन गरी लगाइएका ठूला ठूला कुण्डल, घाँटीमा दानादार एकसरो माला र बुट्टेदार तर मूजा पारी तल खुट्टासम्म लत्रिने गरी बनाइएको अद्यो वस्त्र नै यस मूर्तिका हात दुबै घुडामाथि अड्याइएका र  दाहिने हातमा माला र देब्रे हातमा कमण्डलु देखिन्छ।

# कौमारी


कौमारी

सूचीकरण संख्याः CNTC ५
पुरातात्विक वस्तुको नामः कौमारी

दिशाः आग्निय कोण (चाँगुनारायण मन्दिरको पूर्व दक्षिणी भाग उत्तर तर्फ फर्किएको)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः आग्नेय कोण (चागुनारायण मन्दिरको पूर्व दक्षिण कोण)
मिति वा अनुमानित समयः दोस्रो शताब्दी

शैलीः

यस मूर्तिको कला कुषाणकालिन मथुरा शैलीसंग मिल्दो जुल्दो भक्ति परम्परामा हिन्दू देवदेवीका मूर्तिहरू यस युगका मातृकाका मूर्तिहरूसंग मिल्दाजुल्दा देखिन्छन् । नेपालमा पनि यस किसिमका केहि प्रचीन मूर्तिहरू पाइएका छन् । यस प्रकारका आकृतिमा यज्ञोपवित विनाको हृस्टपुस्ट गठिलो शरिर, खुट्टा र हातमा मोटा कल्ली, चुरा देखाएका हुन्छन्। यस समयका मानिने मूर्तिहरू नारी स्वरुपमा प्रलम्बादसनमा बसेको देखाउने गरिन्छ ।

अभिलेख भएमाः छैन
हालको अवस्थाः

मूर्तिको हालको अवस्था राम्रो देखिन्न । यसको विभिन्न भागका ढुङ्गा चोइटिएका छन् । अनुहारका अङ्गहरूकोआकृति स्पस्ट छैनन्। हातको भाग, मूद्रा, हात खुट्टाको औला र गहना पनि नबुझिनेभई सकेकाछन् । पूजा गर्दा प्रयोग गरिएको अबिर, सिम्रीक, तेल र पशु बली दिदा चढाईएका रगतले मूर्तिलाई नराम्रो अवस्थामा पुऱ्याउदै लगेको छ । मूर्ति रहेको मन्दिरमा सरसफाईको अभाव पनि छ । यसले गर्दा आएको गन्ध र झिंगाले मन्दिरको सुन्दरमा कामी आएको छ । फोहरबाट निस्केको दुर्गन्धको प्रभाव मूर्तिमा प्रत्यक्ष पर्न गएको देखिन्छ ।

वस्तुको विवरणः

प्रलम्बपादाशनमा बसेकी यी देवीलाई कौमारीमानिएको छ । हातमा लिएको आयूध असपष्ट भए पनि दाहिनेतर्फको आतले शक्तिको प्रर्दशनगरे जस्तो देखिने हुनाले यसलाई कौमारी भनि अनुमान गरिएको छ । सप्तमातृकाहरूमा कौमारी पाँचौमा पर्दछ । महादेव र गंगा पुत्र कुमारकी अर्धाङ्गसनी कौमारी हुन् । विष्णु धर्मोत्तर पुराणमा यिनी रक्त वर्णकी, बाह्रहात भएकी मयुर बाहनयुक्त देखाईन्छ । कहीले काहीं हात्ती पनि देखाईएको हुन्छ । यिनमा दायाँ हातहरूमा शक्ति, ध्वजा, दण्डपात्र, वाण, हुनुका साथै एक हात वरद मुद्रमा र देब्रेतिरका हातहरूमा धनुष, घण्ट, खप्पर, कुकुट र परशु हुने गर्दछ । यी

लक्षणहरू यस मूर्ति नदेखिए पनि पूर्व अध्ययन् कर्ता र इतिहाविदहरूले यस मूर्तिलाई कौमारी नै भनिएको पाइन्छ ।

# माहेश्वरी



माहेश्वरी

सूचीकरण संख्याः CNTC ६
पुरातात्विक वस्तुको नामः माहेश्वरी

नापः
दिशाः उत्तराभिमुख
(छिन्नमस्ताको मन्दिरभित्र उत्तर फर्किएको मूर्ति)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः दोश्रो शताब्दी अगाडि

शैलीः

यस मूर्तिको कला कुषाणकालिन मथुरा शैलीसंग मिल्दो जुल्दो छ। भक्ति परम्परामा र्निमित हिन्दू देवदेवीका मूर्तिहरू मथुरा शैलीमा निर्मित कुषाणकालिन युगमा पाइएका मातृकाका मूर्तिहरुसंग मिल्दाजुल्दा देखिन्छन्। नेपालमा पनि यस किसिमका मूर्तिहरू बनेका पाइएका छन् । यस किसिमका कलाकृतिमा यज्ञोपवित विनाकोहृस्टपुस्ट गठिलो शरीर, खुट्टा र हातमा मोटा कल्ली, चुरा देखाएका हुन्छन्।

अभिलेख भएमाः छैन
हालको अवस्थाः

मूर्तिको हालको अवस्था राम्रो देखिदैन्। अनुहार लगाएत हातको मुद्रा, आयूध, हातखुट्टाका औंलाहरुअस्पष्ट छन्। समग्रमा मूर्ति हेर्दा सिङ्गो देखिए पनि मूर्तिको हुर्न पनि अंग स्पष्ट देखिदैन। बली चढाईएका जनावरका रगत र पूजा प्रविधिमा प्रयोग गरिएका पूजा सामग्रीले मूर्तिलाई नकरात्मक असर परेको देखिन्छ। अनुहारको आकृति अस्पस्ट छ। हातको भाग, मूद्रा र हात खुट्टाको औंला र गहना पनि नबुझिने भई सकेको देखिन्छ।


वस्तुको विवरणः

छिन्नमस्ताको मन्दिरभित्र रहेको यस मूर्ति सप्तमातृका मध्यका माहेश्वरीको मूर्ति मानिएको छ। सप्तमातृकामा ब्रह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी र चामुण्डा पर्दछन्। सप्तमातृकाको उत्पत्तिको सम्बन्धमा वराहपुराण अनुसार अन्धकारसुरवधसंग सम्बन्धित छ। शिवको साहायताका लागि अन्धकासुरको वधका लागि यी देवीहरूको उत्पत्ति भएको हो। मार्कण्डयपुराणको दुर्गासप्तशतीमा रक्तवीज र शुम्भ निशुम्भका वधका लागि उत्पत्ति भएको मानिन्छ। यिनी श्वेत वर्णकी, जटाधारी, तीन नेत्रयुक्त, पञ्चमुखी र बृष्भ वहान युक्त, यिनका छ हात मध्ये तीन हातमा क्रमशःसूत्र, डमरू र एउटा बरद मुद्रमा हुने भनिएको छ। तन्त्रविधि अनुसार महेश्वरी दश हात हुनु पर्ने,रूपमण्डन

अनुसार माहेश्वरीका चार हात हुनु पर्ने जसमध्य तीन हातमा कपाल, शूल, खटवाङ्ग एउटा हात वरद मूद्रामा हुनु पर्ने भनिएको छ। यहा रहेको माहेश्वरीको मूर्ति जिर्ण र असपस्ट अवस्थामा रहेको हुनाले यिनको हातको आयुध, मुद्रा बुझ्न सकिने अवस्थामा छैन ।

# वैष्णवी

सूचीकरण संख्याः CNTC ७
पुरातात्विक वस्तुको नामः वैष्णवी


वैष्णवी

नापः
दिशाः आग्निय कोण (चाँगुनारायण मन्दिरको पूर्व दक्षिणी भागमा उत्तर तर्फ फर्किएकोमूर्ति)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः अ. दोस्रो शताब्दी

शैलीः

यस मूर्तिको कला कुषाणकालिन मथुरा शैलीसंग मिल्दो जुल्दो देखिन्छ। भक्ति परम्परामा र्निमित हिन्दू देवदेवीका मूर्तिहरू मथुरा शैलीमा निर्मित कुषाणकालिन युगमा पाइएका मातृकाका मूर्तिहरुसंगमिल्दाजुल्दा  देखिन्छन्। नेपालमा पनि यस किसिमका मूर्तिहरू बनेका पाइएका छन् । यस किसिमका कलाकृतिमा यज्ञोपवित विनाकोहृस्टपुस्ट गठिलो शरीर, खुट्टा र हातमा मोटा कल्ली, चुरा देखाएका हुन्छन्।

अभिलेख भएमाः छैन
हालको अवस्थाः

मूर्तिको हालको अवस्था जीर्ण छ। छिन्नमस्ताको मन्दिरभित्र सप्तमातृकाका मूर्तिहरूकै लहरमा रहेको यस मूर्ति परम्परागत पूजाविधिमा प्रयोग हुने सामग्रीहरूले थप जिर्ण बन्दै गएको छ। अनुहार नबुझिने अवस्थामा रहेको छ। दाहिने हात टुक्रिएको अवस्थामा छ र अर्को हात पनि जिर्णभई हातको आयुध पनि नबुझिने अवस्थामा छ। पछिल्लो कालमा धातुको तोरण बनाइएको र उक्त तोरणमा देखाईएको बाहन अनुसार यस मूर्तिलाई वैष्णवीको मूर्ति भन्न सकिएको अवस्था छ।

राय/सुझावः


मूर्ति जिर्ण भइसकेको र अनुहार, हातको आयुध नबुझिने अवस्थामा रहेका हुनाले समयमा नै यसको संरक्षण गरी बचाउनु पर्ने हुन्छ। हाल कै अवस्थामा रहिरहन दिने हो भने छिटै यस मूर्तिको अस्तित्व हराएर जान सक्ने सम्भावना छ। तान्त्रिक विधिबाट पूजा हुने हुदाँ यहाँ बलि पनि चल्ने हुनाले जनावरका रगत, टिका, पानी आदि र फोहर गर्ने परम्पराले पनि मान्दिर र मर्तिलाई प्रत्यक्ष प्रभाव परेको छ। सम्बन्धित निकायले यस सम्बन्धमा छिटो भन्दा छिटो कदम चाल्नु पर्ने देखिन्छ।

वस्तुको विवरण:

विष्णुका शक्ति भएको हुँदा विष्णुको प्रतिमा लक्षणसंग मिल्दो जुल्दो हुन्छ। विष्णुधर्मोत्तर पुराण अनुसार श्याम वर्णकी, छ हात भएकी गरूड बहान युक्त हुन्छीन्। यिनको हातमा शंख, गदा, पद्म, चक्र,एउटा शा वरद मूद्रमा र अर्को अभय, देवी पुराण अनुसार पहेलो बस्त्र धारण गरेकी हुनुपर्ने भनिएको छ। रूपण्डन अनुसार वैष्णवीको रुप विष्णुका समान हुनुपर्ने भनिएको छ। गरूड बहान भएकी चार हातमा एक हात वरद मुद्रामा र बाँकि चार तीन हात शङ्क,चक्र र गदा हुन्छन् भनिएको छ।

# बाराही

सूचीकरण संख्याः CNTC ८
पुरातात्विक वस्तुको नामःबराही



बराही

नापः
दिशाः इशानकोण (छिन्नमस्ताको मन्दिरभित्रको
उत्तराभिमुख)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः अ.दोश्रो शताब्दी

शैलीः

यस मूर्तिको कला हेर्दा मथुराशैलीमा निर्मित कुषाणकालिन मानिएको हौगालबहालको मूर्तिसंग सामिप्यता रहेको मानिन्छ। प्रलम्बपदाशनमा बसेकी यी देवीका हात र खुट्टा असपष्ट देखिन्छन्।

अभिलेख भएमाः
हालको अवस्थाः

यस मूर्तिको हालको अवस्था राम्रो देखिन्न्। मूर्ति पूर्ण रुपमा खिइएको अवस्थमा रहेको छ। मूर्तिको सम्पूर्ण स्वरुप नै असपष्ट छ। मूर्तिका ढङ्गा चोइटिएको अवस्थामा छ। समयको विनासकारी प्रभावबाट प्रभावित यस मूर्तिका दुईहात छन्। दुवै हात घुँडामाथि अडेका छन्। तर यस मूर्तिको हातमा रहेको आयूधहरुको अहिले सम्म पहिचान हुन सकेको छैन।

राय/सुझावः


मूर्तिको सम्पूर्ण स्वरुप नै नबुझिने र खिइएको अवस्थामा रहेको हुनाले यसमूर्तिको पहिचान गर्न असम्भव प्राग देखिन्छ। पूर्व अध्ययन कर्ता र इतिहासविदहरुले यस मूर्तिलाई बराही भनिएको देखिन्छ।

वस्तुको विवरणः

विष्णु धर्मोत्तरमा यिनको रुप कालो वर्णकी, भुडे हुने भनिएको छ। यिनको देब्रे तिरका हातहरूमा खेटक,पात्र र एउटा हात अभय मुद्रामा हुने बताइएको छ। दाहिने हातहरूमा दण्ड,खड्ग र एउटा  हात वरद मुद्रामा हुने बताईएको छ। यिनको बाहन महीष बाहन  हुने बताईएको छ। मत्स्यपुरराण्मा महिषारुढ, बराह, जस्ती, चतुर्बाहु, शिर, चामर, गढा, चक्र लिएकी, दानवनाशिनी, सप्तशतीमा

उग्रकहाचक्रधारिणी, दाँतले पृथिवी उठाउने भनिएको छ। अग्निपुराणमा महिषवाहिने भतुर्बाह, दण्ड, श,खड्ग, गदा, धारण गर्ने तथा हेमाद्रिमा कृष्णवर्णा, शूकरमुखी, मनुष्यशरीको, लम्बोदरा, दायाँ बाहुमा वरद, दण्ड र खड्ग। बायाँ बाहुमा खेटक पाश र अधय धारण गरेकी षड्भूजा बारही हुन्छिन् भनिएको छ। तर यहाँ रहेको यस मूर्तिमा यस किसिको कुनै पनि लक्षण देखिदैन्।

# छिन्नमस्ता



छिन्नमस्ता

सूचीकरण संख्याः CNTC ९
पुरातात्विक वस्तुको नामः छिन्नमस्ता

नापः
दिशाः इशानकोण( छिन्नमस्ताको मन्दिर भित्र रहेको उत्तर फक्रिएको मूर्ति)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानःचाँगुमन्दिर मन्दिर परिसर
मिति वा अनुमानित समयः  दोश्रो शताब्दी

शैलीः

यस मूर्तिको कला हेर्दा मथुराशैलीमा निर्मित कुषाणकालिन मानिएको हौगालबहालको मूर्तिसंग सामिप्यता रहेको मानिन्छ । बसेको अवस्थामा देखिन्छ । टाउको नभएको र देब्रे हात भूमीमा टेकेको अवस्थामा देखिन्छ । दाहिने हात वरद मूद्रामा जस्तो देखिन्छ ।

अभिलेख भएमाः छैन
हालको अवस्थाः

यस मूर्तिको हालको अवस्था राम्रो देखिदैन । यसका शारीरिक अंगहरु असपष्ट छन् । हातको आयूधहरु बुझिने अवस्थामा नहुनाको साथै, हात खुट्टाका औंलाहरु पनि नबुझिने अवस्थामा छन् । यस मूर्तिको हालको अवस्था  राम्रो देखिदैन र मूर्तिको शारीरिक अंग प्रत्यङ्ग नबुझिने अवस्थामा छ । मन्दिरको सरसफाईको अभाव र मूर्तिमा चढाईने पूजा सामग्री, बली चढाईएको जनावरको रगतले प्रत्यक्ष असर परेको छ ।

राय/सुझावः


अहिलेको विग्रदो वातावरणिय प्रभावका कारणले यसलाई क्षति पूऱ्याउन सक्ने हुनाले यसको संरक्षणका लागि विचार पुऱ्याउनु पर्ने देखिन्छ । खुला अवस्थामा नरहेको भए पनि  भक्तजनहरूले पूजाविधिमा चढाउने सामग्रीहरूले पनि मूर्तिलाई क्षति पुऱ्याउन सक्ने हुनाले यसबाट बचाउन  विचार पुऱ्याउनु पर्ने देखिन्छ । यो भक्तजनहरूको भावनासंग जोडिएको सम्बेदनशिल बिषय भएको हुनाले यसतर्फ  सहि तरिकाबाट काम गर्नु पर्ने देखिन्छ ।

वस्तुको विवरणः

तान्त्रिक देवीमा सर्वश्रेष्ठ छिन्नमस्ता दशमहाविद्याका देवीहरूमा प्रभण्ड उग्ररुपका मानिन्छ ।  यिनको नामबाटै प्रस्ट हुन्छ कि यिनी मस्ता विहिन अर्थात टाउको नभएकी देवी हुन् । टाउको विना नै ज्यूदो

रहन सक्ने देवी अर्थात अन्तरमुखी साधनाको योगबलबाट सिद्द भएकी देवी भएर यिनको महिमा तान्त्रिक साधनामा उच्चतम स्थानमा छ। आफैले आफ्नो शिर छेदन गरी तीन धारा (घ वभतक या दयियम) पहिलो आफ्नै काटिएको शिरको मुखमा अर्को दुई धारा आफ्ना गण दाकिनी र भरनिनीको मुखमा परि पिलाएको देखिने भयंकर मूर्ति छिन्नमस्ताले कामदेव र रतिको विपरित मैथुन अवस्था त्यसलाई आसन बनाइ उभिएको देखिन्छ। जिवन दिने र लिने शक्ति दुबै शक्ति भएकी छिन्नमस्ता निरवस्त्र,नागको माला,एक हातमा खड्ग र अर्को हातमा पात्र समाएकी देखाउने गरिन्छ। यसको दर्शनमा यसको रुप सम्पूर्ण प्रतिकात्मक हुने जस अनुसार सत्व गुणलाई आफुसंग रिाखि रजो गुण र तमो गुणको बलि दिएको देखिन्छ। काम बासनाबाट मोक्ष्य प्राप्ति र कुण्डलनीको अवस्था पनि देखाइएको हो। यसर्थ छिन्नमस्ताको स्वरुपले काम,क्रोभ, लोभ,मोह र अहंकारलाई जिती सकेको भन्ने बुझाउँदछ। यस्तै सिद्धी प्राप्तीका लागि मध्यरातमा यिनको साधना गर्दा देवी सरस्वतीले दिने ज्ञान प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ। यी देवी शनि र राहु केतुको शान्तिदायक पनि मानिन्छ।
राय/सुझावः यस मूर्तिको महत्व तन्त्र विधामा रहेको र यस शैलीको मूर्ति नेपालमा थोरै भेटिएका छन् । मूर्तिको कलाकारिता र यसको महत्वलाई ध्यानमा राखेर पछिका पिढीका लागि यसको संरक्षण गर्नु आजको हाम्रो कर्तव्य पनि हो। मूर्तिको हालको अवस्था अनुहार, घाँटी र अन्य भागको भागको ढुङ्गा चोइटिएको हुनाले यसको कारण पत्ता लगाई यसको रोकथाम गर्नु पर्ने देखिन्छ। सर्वसाधारणले पूजाविधिमा प्रयोग गरिने पूजा सामग्रीहरू र सरसफाईको अभाबले पनि मूर्तिलाई नराम्रो असर पार्न सक्ने हुनाले यस तर्फ पनि ध्यान पुऱ्यानु पर्ने देखिन्छ।

## महिषासुरमर्दिनी (चण्डी)



महिषासुरमर्दिनी

सूचीकरण संख्याः CNTC १०
पुरातात्विक वस्तुको नामः महिषासुरमर्दिनी (चण्डी)

नापः
दिशाः इशानकोण (छिन्नमस्ता मन्दिरभित्र रहेको यस मू
फक्रिएको छ ।)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः इशाको दोस्रो शताब्दी

शैलीः
यस मूर्तिको स्वरुप मथुरा शैलीको कुषाणकालिन कला मा निर्मित छ । हृष्टपुष्ट शारिरीक बनावटको आधारमा यसलाई पनि बारही, कौमारी मूर्तिकै कला शैलीमा राख्न सकिन्छ ।

अभिलेख भएमाः
हालको अवस्थाः

यस मूर्तिको हालको अवस्था राम्रो छ । छिन्नमस्ता मन्दिर भित्र यो मूर्ति रहेको हुँदा हावा पानीको प्राकृतिको नकारात्मक प्रभावबाट केही हदसम्म बचेकै देखिन्छ । तर हाम्रो पूजा पद्धतीमा प्रयोग हुने सामाग्रीहरुको रसायनिक प्रभावले कालान्तरमा नकारात्मक प्रभाव पर्न सक्ने सम्भावना रहेको हुनाले यस बिषयमा पनि सोच्नु पर्ने देखिन्छ ।

वस्तुको विवरणः

अग्निपुराणअनुसार बीस बाहुकी, दायाँ बाहुहरुमा शूल, खड्ग, शक्ति, चक्र, पाश, खेटक, आयुध,अभय, डमरु, शक्ति, र बायाँ बाहुहरुमा नाग, पाश, खेटक, कुण्ठार, अंकुश, पाश, घण्टा, ध्वजा, गदा, आर्दश, मुद्गर धारण गरेकी वा दश बाहुकी मात्र पनि गराउनू भनिएको छ । तल शिर काटिएको, शस्त्र उठाइरहेको, घाँटीबाट रगत निस्केर रँगिएको, गलामा पाशोले बाँधिएको महिषलाई सिंहले खान लागेको र दायाँ पाउ पलेटी कसेकी, बायाँ पाउले असुरलाई टेकेकी, त्रिनेत्ता, महिषासुरमर्दिनी (चण्डी) बनाउनु भनिएको छ । अथवा अष्टादशभुजा, दायाँ बाहुहरुमा मुण्डक, खेटक, आर्दश, तर्जनी, चाप, ध्वज, डमरु, पास बायाँ, बाहुहरुमा शक्ति,मुद्रगर, शुल, बज्र, खड्ग, अंकुश, शर, चक्र र शलाका धारण गरेकी हुन्छिन् । यस्तै षोडभुजा डमरु र तर्जनी बाहेक अरुपूर्वोक्त नै अस्त्रशस्त्र लिएकी, महिषमर्दिनी (चण्डी) बनाउनु भनिएको छ ।

चाँगुनारायणको मन्दिर परिसरमा छिन्नमस्ताको मन्दिर भित्र रहेको महिषमर्दिनी दुर्गाको मूर्ति परिमार्जित मूर्ति मान्न सकिन्छ । केश,विन्यास, कान, हातमा प्रयोग भएका भारी आभूषणर मुद्रका आधारमा यसलाई पनि अन्य तीन मूर्तिकै समबक्षमा राख्नु पर्ने हुन्छ । यस मूर्तिका चारहात छन् । दायाँ तर्फको अघिल्लो हातको आयुधलाई प्रष्टरुपमा औल्याउन नसबिए तापनि माथिल्लो हातमा लिएको त्रिशूलले महिषलाई ताडना गरेको छ । बायाँतर्फको अघिल्लो हातले पासा लिएको देखिन्छ ।

# खड्‌गबाहिनी दुर्गा



खड्‌गबाहिनी दुर्गा

सूचीकरण संख्याः CNTC११
पुरातात्विक वस्तुको नामः खड्‌गबाहिनी दुर्गा

नापः
दिशाः
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण परिसर
मिति वा अनुमानित समयः आठौं शताब्दी

शैलीः पाल शैली

अभिलेख भएमाः छैन
हालको अवस्थाः

टुक्रिएको अवस्थामा रहेको मूर्तिको हालको अवस्था राम्रो देखिदैन । मूर्तिको चार हात मध्य तिन हात मात्र बाँकी छन् । दाहिने भागको माथिल्लो हात टुक्रिएको छ र तल्लो हात अभय मुद्रामा छ । बाँकी तीन हातमा देब्रे भागको माथिल्लो हातमा खड्ग छ र तल्लो हातको मुद्रा नबुझिने अवस्थाको छ । पहिले खुला अवस्थामा रहेको यस मूर्ति अहिले भण्डारमा राखिएको छ । घाम र पानीको प्रत्यक्ष प्रभावका कारण मूर्तिका विभिन्न भागका ढुङ्गा चोईटिएको छ ।

राय/सुझावः

मूर्तिको ढुङ्गा चोईटिसकेको अवस्थामा भएको हुनाले भण्डारमा मात्र राखिदा मूर्तिको सुरक्षा हुने देखिन्न । भण्डारमा प्रकासको अभाव र दैनिक सरसफाईको अभावका कारणले मूर्तिलाई थप बिगार्न सक्ने हुनाले मूर्तिलाई सुरक्षित घेराईमा खुला राखी दैनिक सरसफाईको पहुच र व्यबस्थामा राख्नु पर्दछ ।

वस्तुको विवरणः

शास्त्रहरूमा दुर्गाका सौम्य र घोर रूप गरी दुई प्रकारका रूपको चर्चा पाईन्छ । प्रतिमा शास्त्रीय ग्रन्थहरूमा दुर्गाका फरक फरक प्रमिा लक्षणहरूको वर्णन पाईन्छ । विष्णुधर्मोत्तर पुराण्मा दुर्गा हात भएकी सिंहवाहनयुक्त हुन्छिन भनिएको छ । उनका हातहरूमा वाण, शूल, खड्ग,चक्रचन्द्रविम्म र खप्पर हुने भनिएको छ । अंशुमदभेदागममा दुर्गा चार हाते दुर्गा पद्मासनमा उभिएकी वा भैंसीको पिठ्यूमाथि बसेकी हुन्छिन् भनिएको भएपनि यहाको मूर्ति सिंह माथि बसेको देखिन्छ । मोडि दाहिने खुट्टा अलि तलतिर झारी सिंहको जिउ माथि छ । सिंहले आफ्नो मुन्टो माथितिर फर्काई देवीलाई हेरेको जस्तो देखिन्छ । देवीको रुप रौद्र नभई सौम्य देखिन्छ । देवीको कानमा कुण्डल,गलामा हार,शिरमा मुकुट छ ।

# वैकुण्ठ विष्णु



वैकुण्ठ विष्णु

सूचीकरण संख्याः CNTC १२
पुरातात्विक वस्तुको नामः वैकुण्ठ विष्णु

नापः
दिशाःइशानकोण
(चागुनारायण मन्दिरको पूर्व तर्फ भएको
पश्चिमाभिमुख मूर्ति)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः एघारौ शताब्दी

शैलीः महाविष्णुको तान्त्रिक विधि अनुसार निर्माण गरिएको छ। यस मुर्तिमा विष्णुको दशहात र बायाँ काखमा लक्ष्मी बसेकी छिन्। शंख, चक्र,गढा, पद्म,धनुष, वाण, खड्ग, पद्मवीज आदी विष्णुका हातमा आयूहरू देखिन्छन्। लक्ष्मीको एउटा हात वरद मुद्रामा र अर्को हात
अभय मुद्रमा छन्।

अभिलेख भएमाः छैन
हालको अवस्थाः

मूर्ति समग्रमा सिङ्गो आवस्थामा छ। खुला अवस्थामा रहेको हुनाले मूर्तिका विभिन्न भागमा ढुङ्गा चोइटिएको अवस्थामा छ। हाल यस मर्ति खुला अवस्थामा ईटाको ब्राकेटमा रहेको छ।

राय/सुझावः


तान्त्रिक विधिबाट यस मूर्तिको निर्माण भएको हुँदा विभिन्न किसिमका आयूधहरू हुनु स्वभाविक हो तर यि आयूधहरू नबुझिने अवस्थामा रहेको हुनाले यसलाई समयमा नै जोगाउनु पर्दछ। घाम र पानीको प्रत्यक्ष प्रभाव मूर्तिमा परेको हुनाले पनि यसको क्षति हुदै जाने भएको हुनाले यस सम्बन्धि पनि विचार पुऱ्याउनु आवश्यक छ।

वस्तुको विवरणः

महाविष्णुको दशहात भएको, नागासनमा छ हात भएको गरूडमाथि पलेटी कसेर विराजमान देखिन्छ। विष्णुको वायाँ काखमा लक्ष्मीको मुर्ति देखिन्छ। यस मुर्तिमा अगाडि चार र पछाडी एक गरी जम्मा

पाँच मुख छ। विष्णुका दायाँ वायाँ बराह र नृसिंहका मुख छन्। बाँकी तीन मुख शान्त मुद्रामा देखिन्छन्। यस मुर्तिको पृष्ठभाग ज्वालावलीले घेरिएको छ। विष्णुका दशहातमा विभिन्न आयूध र गलामा हारको साथै पुष्पमाला छ।

# सुर्य



सुर्य

सूचीकरण संख्याःCNTC१३
पुरातात्विक वस्तुको नामः सुर्य

नापः
दिशाः
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिरको भण्डारमा
मिति वा अनुमानित समयः आठौं शताब्दी

शैलीः पालशेन कला शैली

अभिलेख भएमाः छैन
हालको अवस्थाः

यस मूर्तिको हाल चाँगुको भण्डारमा रहेको छ। हाल यस मूर्ति नटुक्रिएको सिङ्गो अवस्थामा छ तर शुक्ष्म अवलोकन गर्दा मूर्तिको विभिन्न भागका ढुङ्गा चोइटिएको देखिन्छ। अनुहारको नाकको ढुङ्गा टुक्रिएको र हातको औला र अन्य भागका ढुङ्गा पनि चोईटिएको अवस्थामा छ।

राय/सुझावः

हाल यस मूर्ति भण्डारमा छ। नेपालमा पाईएका सूर्य मूर्तिहरूमा प्रचिन एवं सुन्दर मूर्तिकलामा निर्मित मूर्ति भएको हुनाले यसलाई सुरक्षित ढंगबाट सर्वसाधारणहरूले सजिलै देख्न र उपासना गर्न सक्ने अवस्थामा राखिनु पर्दछ। भण्डारमा मूर्तिहरू भण्डारण मात्र गरि राख्दा पनि सुरक्षित नहुने हुनाले सहि तरिकाबाट मूर्तिलाई सबैको सहज पहुचमा राखिनु जरुरी देखिन्छ।

वस्तुको विवरणः

सुर्य वैदिक देवता हुन्। वैदिककाल देखि नै सुर्यको पूजा उपसना हुने कुरा विभिन्न वैदिक ग्रन्थ एंव पुराणहरुमा उल्लेख भएको पाइन्छ। चारवेदमा इन्द्र र अग्निपछि अत्याधिक मन्त्र सूर्यको वर्णनमा छन्। प्रकृतिक सूर्यको व्यापक उपयोगितालाई वैदिक ऋषिहरूले जित्य नैमितिक आदि कर्महरू चलाएर उनको सगुणेपासना पद्धतिमा सूर्यलाई नै मानिएको पाईन्छ। दुई हातमा पद्म लिई घोडा माथि बसेका यो सुर्यको मूर्ति अति उत्कृस्ट कलाकारिता पूर्ण छ। हिन्दुका पाँच प्रमुख देवता मध्ये सुर्य एक देवता हुन्। सुर्यलाई प्रचीनकाल देखि नै मान्दै आईएको छ। ऋग्वेदमा सुर्यलाई जगतको आत्मा भनिएको छ। सुर्योपनिषतमा सुर्यलाई ब्रह्मा विष्णु र रुद्रको रुप मानिएको छ। विष्णुधर्मोत्तरमा सुर्य मुर्तिमा लामो कोट र  वुट जुत्ता लगाईको मुर्ति बनाउने परम्परा छ। मत्स्य पुराम्परामा रथ सहितको प्रतिमा वनाउने

परम्पराछ । रुपमण्डनमा पनि सातघोडाको रथ समेतको प्रतिमा वनाउने विधान छ । चारहात भएका,रातो वस्त्र, लामो कोट, वुट जुत्ता लगाएर सात वा नौ घोडाले तानेको रथमा स्थानक प्रतिमा वनाउने रुपमण्डनमन उल्लेख गरिएको छ । नव ग्रह मध्ये सुर्य पनि एउटा ग्रह हो । साथै उषा र प्रत्यूषालाई दायाँ वायाँ देखाइन्छ ।

सुर्यको वर्णन वेद,ब्राह्मण,आरण्यसंहिता,उपनिसद सम्पूर्ण श्रुतिहरुमा पाईन्छ । चारै वेदमा इन्द्र र अग्नि पछि अत्याधिक मन्त्र सुर्यको वर्णनमा छन् । वैदिक धर्मावलम्वीका मुख्य उपास्यदेव सुर्य नै हुन् । अदितीका पुत्र मानेर सुर्यलाई आदित्य भाएिको छ । नीरोगी वन्न सुर्यको उपासना गर्नु भन्ने कुरा पनि ऋग्वेदमा उल्लेख छ ।ऋग्वेदमाहरित नामका सात घोडीका रथमा रहेका सूर्यको उपासनाले हृदयरोग, मानसरोग, चर्मरोग आदि नाश हुने पनि भनिएको छ । शुक्लयजुर्वेदमा किरणलाई सुर्यका केश (किरण) मानिएको छ । विश्वकर्मशास्त्रमा सर्यको विभिन्न रूप यस अनुसारका नाम हुने विभिन्न धर्मशास्त्रहरू उल्लेख पाईन्छ । नेपालमा पाइएको दूई भुजी सूर्यमा दुवैमा पद्म लिइ घोडा आसन बसेको सूर्य पूषाको नामबाट पुजिन्छ भने यस बाहेक विभिन्न स्वरूपका सूर्य मूर्तिहरू विभिन्न ठाउँमा पाईएको छ । चाँगुनारायणमा दुई प्रकारका सुर्य मुर्ति पाइएका छन् । यस मूर्तिमा पखेटा फिजाएको एउटा घोडा उड्न लागेको जस्तो देखिन्छ । गरुडमाथि थपक्क पलेंटी मारेर वसेका सुर्य प्रतिमा चार हात भएका मुकुट लगाएका दुई हातमा सुर्यमुखी फुल लिएको देखाइन्छ ।

चारवेदमा इन्द्र र अग्नि पछि अत्याधिक मन्त्र सूर्यको वर्णनमा छन् । प्राकृतिक सूर्यको व्यापक उपयोगिताको कारणले गर्दा वैदिक ऋषिहरुले नित्य नैमित्तिक आदि कर्महरु चलाएर उनको र्स्मतिमा समगुणेपासना पद्धति चलाई ब्रह्मा गायत्रीको उपास्यदेवसमेत सूर्यलाई नै मानेको देखिन्छ । सम्पूर्ण सौर्य जगत्का स्वामी हुनाले उनी ग्रहराजको रुपमा पनि पुजिन्छ । मानवजातिको सर्वप्रथक परिचय सूर्यसंग भयो । सर्वप्रथम सूर्यलाई देख्यो । त्यसैले उनले पहिलो देवता पनि सूर्यलाई मान्यो । अदितीका पूत्र भएको हुनाले सूर्यलाई आदित्य पूत्र पनि भनियो । ऋग्वेदका उक्तिहरुमा निरोगी हुनका लागि सूर्यको उपासना गर्नु भन्ने उद्गारहरु पाइन्छन् । वेदमा सूर्यको अनेकौ उपयोगिताको बारेमा पनि उल्लेख गरिएको पाइन्छ । सूर्यको सम्बन्धमा यस्तो पनि भनिएको छ की हरित नामका साथ घोडा (किरण)को रथ द्धारा सूर्यको मात्रा हुन्छ । शुक्लयर्जुवेदमा किरणलाई सूर्यको केश मानेको छ । ऋग्वेदमा सूर्यका रथमा सात घोडा छन् । सूर्यको उपासनाले हृदयरोग, मानसरोग, चर्मरोग आदी हुने उल्लेख छ । काठमाडौ उपत्यकामा पाईएका सूर्य मूर्तिहरुमा सूर्यलाई दुबै हातमा कमलको फूल लिएर दुईतिर दण्ड र पिङ्गल, दूइ अनुचरहरु वा कहिलेकाहीं भक्तहरुऋथवा सातघोडे रथमा सवार भइरहेको देखाइएको छ । नेपालमा सूर्यपूजासम्बन्धी उल्लेख सबभन्दा पहिले ईस्वी ४८० सालको टेवहालको अभिलेखमा पाईन्छ । गृहमित्र नाम गरेको कुनै व्यापारीले इन्द्रको नामबाट दिवाकरको एउटा मूर्ति स्थापना गरेको देखिन्छ । हाल यस मूर्ति हराइसकेको छ । अभिलेख मात्र बाँकी रहेको बुझिन्छ । नेपालमा लिच्छिवीकालपछि बनाइएका सूर्य मूर्तिहरु प्रसस्त भेटिएका छन् । थपाहिटी, सौगल, नक्साल र बनेपामा छन् । यसमा तिथिमिति पनि अंकित छन् । ईशाको नवौं-दशौं शताब्दीदेखि उन्नाइसौं शताब्दीको अन्तिम कालसम्मका सूर्यमूर्तिहरु धेरै छन् । यसबाट नेपालमा प्राचिनकालदेखि नै सूर्यको पूजा उपासना गर्ने चलन रहेको बुझिन्छ ।
यहाँको सूर्यमूर्ति नेपालमा पाईएका अन्य सूर्यमुर्ति भन्दा भिन्न प्रकारको छ । अष्टदल कमलको आसनमाथि ए

एउटा घुँडा मारेर आनन्दसाथ बसेको छ। घोडको पीठमाथि बडो ओजपूर्ण मुद्रमा दुवै पैताला देखिने गरी पलेंटी मारेर बसेको सूर्यको यो मूर्ति चाखलाग्दो र अनौठो प्रकारको छ। सूर्यको दुबै हातले नालसहित कमलको फूल समाएको छ। किरीट, कवच,बाला र बाजु पहिरिएको यो मूर्ति भव्य देखिन्छ। ज्वालावलिका रूपमा प्रस्तुत गरिएको प्रभामण्डललै घेरिएको सूर्यले मोटो तथा कलात्मक माला पहिरिएको देखिन्छ। एउटै घोडाको पीठमाथि पलेंटी बसेर बसेको यो मर्ति मध्यकालको एउटा अनुपम नमुना हो।

# वैकुण्ठ विष्णु



सूचीकरण संख्याः CNTC१४
पुरातात्विक वस्तुको नामःवैकुण्ठ विष्णु

नापः
दिशाः चाँगरनारायण मन्दिरको दक्षिणतिर
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानःचाँगुनारायण मन्दिर परिसर

मिति वा अनुमानित समयः उत्तर मध्यकालिन
शैलीः पालशेन कला शैली

अभिलेख भएमाः छैन
राय/सुझावः

ईटाको आर्समा खुला अवस्थामा राखिएको मूर्तिमा घाम र पानीको प्रत्यक्ष प्रभाव देखिन्छ। मूर्तिको विभिन्न भागका ढुङ्गा चोइटिएको अवस्थामा छ। ढुङ्गाको मूर्तिलाई घाम र पानीबाट बचाउन सकियो भने यसको आयू हजारौ बर्ष हुनसक्छ तर्सथ ढुङ्गाको मूर्तिलाई घाम र पानीबाट बचाउने तरीका छिटो भन्दा छिटो गरिनु पर्दछ।

## वैकुण्ठ विष्णु

वस्तुको विवरणः

तान्त्रिक शैलीमा निर्मित विष्णुको यस स्वरूपलाई वैकुण्ठ विष्णु भनिन्छ। विष्णुलाई लिएर उड्न लागेको अवस्थाको यस मूर्तिमा विष्णुका दश हात देखाईएका छन्। लक्ष्मी सहित वैकुण्ठ विष्णुको दश हात भएका महा विषुको प्रस्तर मूर्ति हो। नागासनमा छ  हात भएका गरूड उडन लागेको मुद्रामा देखिन्छ। गरूडमाथि दश हात भएका महामविष्णुको मूर्ति पलेटी कसेर विराजमान छन्। विष्णुको दायाँ काखमा  लक्ष्मीको मूर्ति अवस्थित छ । लक्ष्मीको दाहिने हात वरद र देब्रे हात अभय मूद्रामा छन्। यस मूर्तिमा अगडी चार र पछाडी एक मुख गरी जममा पाँच मुख छन्।  यस मूर्तिमा विचमा विष्णुको दायाँ वायाँ दुईतिर बराह र नरसिंह रूपमा छन्। वाँकी तीन मुखहरु शान्त स्वरुपमा देखिन्छन्। विष्णुका दशहातहमा उनका आयूभहरु धरण गरेका छन्। आयूधहरु शंख, चक्र, गदा, पद्म,धनुष, बाण,खड्ग आदि। गलामा हारको साथै लामो कुण्डमाला देखिन्छ।

# जय



जय

सूचीकरण संख्याः CNTC१५
पुरातात्विकवस्तुको नामःजय

नापः
दिशाः पूर्व (चाँगुनारायण मन्दिरको पूर्वतिर रहेको पाटिमा यो मूर्ति रहेको छ।
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मितिवाअनुमानित समयः दशौ शताब्दी
शैलीः पाल सेन कलाशैली

अभिलेख भएमाः
हालको अवस्थाः

यस मूर्तिको हालको अवस्था राम्रै देखिन्छ तर पाटिको अवस्था जिर्ण भैसकेको छ । पाटिमा अवस्था राम्रो नभएको र यहाँ रहेका अरु मूर्तिहरु पनि अव्यवस्थित देखिन्छ।

राय/सुझावः

तान्त्रिक पद्धतीबाट निर्मित यस किसिमका मूर्तिहरु विष्णुको मन्दिरका द्वारपालका रुपमा रहेका हुन्छन्। पटिको अवस्था पनि जिर्ण भएको हुदाँ र मूर्ति राखिएको अवस्थामा राम्रो नदेखिको हुनाले यसको सुधार गरिनु पर्ने देखिन्छ। मूर्तिको कलाकरिता दृष्टिकोणबाट भब्य नै देखिन्छ। यसको महत्वको सम्बन्धमा र यस मूर्तिको विष्णु मन्दिरसंगको सम्बन्धको बारेमा मानिसहरु अनभिज्ञ नै रहेको हुनाले यसको बारेमा स्पस्ट नोट सहित मूर्तिको संरक्षण गरिनु पर्दछ। मूर्तिहरुलाई मानिसहरुले जुनसुकै अवस्थामा पनि खुला हातले छुने र आजभोलीका रसायन युक्त खाद्य पदार्थ र पूजा सामग्रीले पनि मूर्तिलाई प्रतिकुल असर पार्ने हुनाले यस विषयमा पनि राम्रो कदम चलिनु पर्ने देखिन्छ। सरसफाईको अभावले पनि मूर्ति र परिसरलाई असर पार्ने हुनाले यस विषयमा पनि गम्भिरता पूर्वक पाईला चलाउन आवश्यक देखिन्छ।

वस्तुको विवरणः

वैष्णव मन्दिरहरुमा द्वारपालका रुपमा यस किसिमका मूर्तिहरु बनाउने परम्परा देखिन्छ। तान्त्रिक शैलीमा निर्माण भएका यस किसिमका मूर्तिहरुमा विष्णुकै आयुध सहित मूसल पनि समाएको देखाउने गरिन्छ। यस मूर्ति तान्त्रिक पद्धतिबाट मध्यकालमा बनेको देखिन्छ। चार हात भएका यस मूर्तिको दाहिनेतिरको हातमा खड्ग र शंख समाएको देखिन्छ। देब्रेतिरको हातमा चक्र र मूसल समाएको

देखिन्छ। चोसो परेको मूकुट लगाएको,कानमा ठूला ठूला कर्ण कुण्डल र गलामा बैजन्तिमाला सहित छोटामालहरु पनि लगाएको देखिन्छ। खुट्टामा टुटि बग्गि जस्तै देखिने कल्ली पनि लगाएको देखिन्छ।

# विजय



विजय

सूचीकरण संख्या:CNTC१६
पुरातात्विक वस्तुको नाम:विजय

नाप:
दिशा: पूर्व (चाँगुनारायण मन्दिरको पूर्व दिशामा रहेको पाटीमा
रहेको यस मूर्ति पश्चिम फर्किएको छ ।)
तौल:

निर्मित पदार्थ: ढुङ्गा
स्थान: चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समय: पाल सेन कलाशैली

शैली:

यस मूर्ति तान्त्रिक पद्धतिबाट बनेको देखिन्छ । चार हात भएका यस मूर्तिको दाहिनेतिरको हातमा खड्ग र शंख समाएको देखिन्छ । देब्रेतिरको हातमा चक्र र मूसल समाएको देखिन्छ । चोसो परेको मूकुट लगाएको,कानमा ठूला ठूला कर्ण कुण्डल र गलामा बैजन्तिमाला सहित छोटामालहरु पनि लगाएको देखिन्छ । खुट्टामा टुटि बगिग जस्तै देखिने कल्ली पनि लगाएको देखिन्छ ।

अभिलेख भएमा:

हालको अवस्था:यस मूर्तिको हालको अवस्था राम्रै देखिन्छ तर पाटिको अवस्था जिर्ण भैसकेको छ । छ । मूर्तिलाई कुनै सुरक्षित खोपा वा घेरामा नराखि यतिकै उभ्याइ राखेकोपाटिमा अवस्था राम्रो नभएको र यहाँ रहेका अरु मूर्तिहरु पनि अव्यवस्थित देखिन्छ ।

राय/सुझाव:

तान्त्रिक पद्धतीबाट निर्मित यस किसिमका मूर्तिहरु विष्णुको मन्दिरका द्वारपालका रुपमा रहेका हुन्छन् । पटिको अवस्था जिर्ण भएको हुदाँ झ्वाट्ट हेर्दा नै राम्रो अवस्थामा रहेको नदेखिने हुनाले यसको सुधार गरिनु पर्ने अवस्था देखिन्छ । मूर्तिको कलाकरिता दृष्टिकोणबाट भब्य नै देखिन्छ । यसको महत्वको सम्बन्धमा र यस मूर्तिको विष्णु मन्दिरसंगको सम्बन्धको बारेमा मानिसहरु अनभिज्ञ नै रहेको हुनाले यसको बारेमा स्पस्ट नोट सहित मूर्तिको संरक्षण गरिनु पर्दछ । मूर्तिहरुलाई मानिसहरुले जुनसुकै अवस्थामा पनि खुला हातले छुने र आजभोलीका रसायन युक्त खाद्य पदार्थ र पूजा सामग्रीले पनि मूर्तिलाई प्रतिकुल असर पार्ने हुनाले यस विषयमा पनि राम्रो कदम चलिनु पर्ने देखिन्छ । सरसफाईको अभावले पनि मूर्ति र परिसरलाई असर पार्ने हुनाले यस विषयमा पनि गम्भिरता पूर्वक पाईला चलाउन आवश्यक देखिन्छ ।

वस्तुको विवरण:

वैष्णव मन्दिरहरुमा द्वारपालका रुपमा यस किसिमका मूर्तिहरु बनाउने परम्परा देखिन्छ । तान्त्रिक शैलीमा निर्माण भएका यस किसिमका मूर्तिहरुमा विष्णुकै आयुध सहित मूसल पनि समाएको देखाउने गरिन्छ ।

# शिव

सूचीकरण संख्या:CNTC: १७
पुरातात्विक वस्तुको नामः शिव

नापः
दिशाः
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगनारायण मन्दिरको भण्डार
मिति वा अनुमानित समयःआठौं शताब्दी

शैलीः पालशेन कला शैली



शिव

अभिलेख भएमाः यस मूर्तिको तल जलहरिमा भएको अभिलेख यस मूर्तिसंग सम्बन्धित देखिदैन । यसमा लक्ष्मी नारायणको मूर्ति स्थापना गरेको कुरा लेखेको छ ।

हालको भौतिक अवस्थाः मूर्तिको हालको अवस्था जिर्ण भैसकेको छ । मूर्तिको दाहिने खण्डको माथिल्लो भाग टुक्रिएको अवस्थामा छ । मूर्तिको अन्य भागमा पनि ढुङ्गा टुक्रिएको र जिर्ण भएको अवस्थामा छ । मूर्तिको चार हातमा तीन हात टुक्रेको छ ।

राय/सुझावः
मूर्तिको अवस्था टुक्रेको र जिर्ण भएको हुनाले यसको संरक्षण छिटो भन्दा छिटो गरिनु पर्दछ । हावा पानीको प्रत्यक्ष्य प्रभाव यसमा परेको हुनाले यसबाट जोगाउनु पर्दछ ।

वस्तुको विवरणः
यो तीन मुख चार हात भएको शिवको मूर्ति हो । यसको अगाडिको मूख्य अनुहारमा जुङ्गा देखिन्छ । कानमा ठूला ठूला कुन्डल छ । शिवको जटा काँध सम्म देखाइएको छ । देब्रेतिरको माथिल्लो हातमा त्रिशूल छ । बाघको छालामा बसेको अर्थात आसन देखाईएको छ । शिवको बाहन साढेको टाउको र बाघको अनुहार पनि देखिन्छ । शिवको गलामा लामो र छोटो दूई किसिमको गहना र बाजूमा फूलको लहराको बुट्टा पनि छ । यस मूर्तिलाई अभिलेख सहितको जलहरिमाथि राखिएको छ तर यस जलहरि र यसको अभिलेखको सम्बन्ध यस मूर्तिसंग देखिदैन ।

# श्रीधर विष्णु



श्रीधर विष्णु

सूचीकरण संख्याः CNTC १८
पुरातात्विक वस्तुको नामः श्रीधर विष्णु

नापः
दिशाः पूर्व
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः  सातौं शताब्दि

शैलीः

लक्ष्मी र गरुड सहितको विष्णुको यस मूर्ति स्थानक मूद्रामा छ । समभङ्ग शैलीमा रहेको यस मूर्तिमा लक्ष्मीको शरिर केहि ढल्किएको र गरुड विनय मूद्रामा देखिन्छ । यस मूर्तिको निर्माण मध्यकालको शुरुवाततिर यसको निर्माण भएको देखिन्छ । विन्दुयुक्त ज्वालावलीमा प्रभामण्डप बनाइएको, मूर्तिको पछाडीको भाग हावादारीको स्परुप पालसेन कलाशैलीसंग मिल्दो जुल्दो देखिन्छ ।

अभिलेख भएमाः
हालको अवस्थाः यस मूर्तिको हालको अवस्था राम्रो छ ।

राय/सुझावः

खुला अवस्थामा रहेको हुनाले प्राक्रितिक एवं मानविय प्रतिकुल असरका कारण भविष्यमा क्षति हुन सक्ने संम्भावना भएको हुनाले यस सम्बन्धि ध्यान पुऱ्याउनु पर्दछ ।

वस्तुको विवरणः

श्रीधर विष्णु मूतिको दाँया,बायाँ, लक्ष्मी र गरुड उभिएको  छ । चाँगुनारायण मन्दिरको पूर्वतर्फ रहेको मूर्तिलाई लगभग सातौं आठौ शताब्दीको मानिएको छ । मध्यकालको शुरुवातमा बनेको यस मूर्तिलाई विभिन्न विद्वानहरुले १० औं देखी ११ शताब्दीको मानिएको छ । यस मूर्तिमा दायाँ बायाँ क्रमशः लक्ष्मी र गरुडका मूर्ति छन् । यी मूर्तिहरु विष्णुको कम्मर सम्म आउने गरि कनाइएको छ । मानवाकृतिको गरुडको पछाडीतिर पखेटा बनाइएको छ । नागको माला लगाएको गरुड दुई तहको आसनमाथि उभिएको छ । जटा मुकुट अण्डाकार प्रभामण्डलमा देखाइएको छ । प्रभामण्डल बिन्दु र बुट्टायुक्त बनाइएको छ । पाखुरामा केयुर, नाडीमा बाला तथा शरीको तल्लो भागमा पटुकाले बाँधेको धोती छ नाइटो माथितिर कम्मर पेटी देखाइएको छ । कानमा कुण्डल र दुबै हात छातीनिर जोडिएको अवस्थामा छ । विष्णुको दायाँतिर दोहोरो पद्मपीठ माथि स्थानक लक्ष्मीको आङ्गिक सन्तुलन मिलेको दाहिने हातमा

पद्म्मबीज र बायाँ हातले डाँठ सहितको कमलको फूल लिएकी छिन्  उनको गलामा हार, कानमा कुण्डल र शिरमा लाम्चोचोसो भएको मुकुट लगाएको देखाएको छ। मुकुटको पछाडी अण्डाकार चोसो परेको प्रभामण्ल छ। हातमा केयुर र नाडीमा बाला र तल्ले भागमा पारदर्शी धोती छ। यसको फूर्का लामो दुई तिघ्राबीच हुदै भुईसम्म पुगेको छ। धोती कम्मरमा दुई फेरा गोलाकार रुपमा बाँधिएको छ। गरुड र लक्ष्मीको मुख शान्त र सौम्य देखाइएको छ। लक्ष्मी र गरुडको बीचमा केही उच्च आसनमा बनाइ विष्णुको अग्लो मूर्ति कलशासन माथि छ। यो मूर्ति समपाद स्थानक मूर्ति हो। विष्णुको चार हातमा शंख,चक्र,गदा र पद्म्म रहेको छ। कानमा कुण्डल, गलामा हार,अक्षगेडायुक्त केयुर, नाडीमा बाला र शीरमा गोलाकार अग्लो बुट्टायुक्त मुकुट छ। मुकुट पछाडिको प्रभामण्डल अयडाकार तीन तहका विन्दुयुक्त छन्। विष्णुको हृष्टपुष्ट शरिरको माथिल्लो भाग उदाङ्ग र त्यसमाथि यज्ञोपवित प्रष्ट देखिन्छ। तल्लो भागमा रेशादार धोती मुजा पारेर कम्मरमा बाँधिएको छ। धोतीको फुर्का तिघ्राको बीचमा भुई समम पुगेको छ। कम्मरमा पटुका बाँधिएर तिघ्रासम्म लत्रिएको देखाइएको छ।

# गरूडासन विष्णु

सूचीकरण संख्याःCNTC १९
पुरातात्विक वस्तुको नामःगरूडासन विष्णु

नापः
दिशाः पश्चिम
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः
मिति वा अनुमानित समयःतेह्रौं शताब्दी

शैलीः चाँगुनारायण मन्दिर परिसर
अभिलेख भएमाः



गरूडासन
विष्णु

हालको अवस्थाः

यस मुर्तिको हालको अवस्था राम्रो नै रहेको छ । मुर्ति खुला अवस्थामा रहनाले प्राकृतिक एवं मानविय क्षतिको प्रवल संम्भावना देखिन्छ । उत्कृष्टकलाको नमुनाको रुपमा रहेको यस मुर्तिको दाहिने हातको हत्केलाको भागमा केहि क्षति भएको र मुर्तिको विभिन्न भागका ढुङ्गा चोइटिएको अवस्थामा छ ।

राय/सुझावः

खुला अवस्थामा रहेको यस मुर्तिमा घाम पानी र मानविय कृयाकलापका प्रतिकुल असर पुगि क्षति हुन सक्ने प्रवल सम्भावना भएका कारण यसलाई बचाउनु पर्दछ । उत्कृष्टकलाको नमुनाको रुपमा रहेको यस मुर्तिको दाहिने हातको हत्केलाको भागमा केहि क्षति भएको र मुर्तिको विभिन्न भागका ढुङ्गा चोइटिएको अवस्थामा रहेको हुनाले समयमा नै यसको रोकथामका लागि पहल गरिनु पर्दछ । उत्कृष्टकलाको नमुनाको रुपमा रहेको यस मुर्तिको दाहिने हातको हत्केलाको भागमा केहि क्षति भएको र मुर्तिको विभिन्न भागका ढुङ्गा चोइटिएको अवस्थामा छ । रहेको हुनाले समयमा नै यसको रोकथामका लागि पहल गरिनु पर्दछ । आजभोलीका पुजा पद्धतिमा प्रयोग हुने सामग्रीहरूका रसायनिक असरले पनि मुर्तिलाई बिगार्न सक्ने हुनाले यसको न्यूनिकरणका लागि पहल गर्नु आवश्यक देखिन्छ ।

वस्तुको विवरणः

यो मुर्ति चर्तुबाहु विष्णु र गरूडको हो । यसलाई गरूडनारायणको मुर्ति भनिन्छ । उडीरहेको गरूडमाथि दुर्ब खुट्टा टेकेर बसेका चतुवाहु विष्णुको यस मुर्ति स्वाभाविक प्रकृतिका देखिन्छ । आफ्नो बाहन माथि स्वभाविक ढंगमा बसेका यस मुर्तिलाई मुर्ति कलामा उत्कृष्टकलाको नमुनाको रुपमा लिने गरिन्छ । चौडा छाती, बलिष्ठ हात गोडा, पुष्ट अनुहार, बाटुलो कम्मर ठूलो निधार, सुलुत्त परेको नाक,बाटुला आँखा यस मुर्तिका विशेषता हुन् । यस मुर्तिमा कानमा कुण्डल गलामा हार र यज्ञोपवित धारण

गरिएको देखिन्छ । शिरमा किरीट भैरवको मुर्ति र शिरको पछाडी भागमा ज्वालावली रहेको छ । चार हात रहेको यस मुर्तिका चारै हातमा वालाहरू, दायाँ तर्फका हातमा क्रमसः चक्र,पद्यमबीज र बायाँ तर्फका हातमा गदा र शंख लिएको देखिन्छ । कम्मरमा कम्मरबन्ध, जाँघमा पारदर्शी धोती र पृष्ठ भागमा बादलको दृष्य देखाइएको छ । यस्तै शिरमा घुँघरिएको सुन्दर कपाल, कानमा कुण्डल तथा गलामा सर्पको माला,चेप्टो अनुहार,बाटुला आँखा थेप्चो नाक र मोटो ओठको गरूडको मुर्ति आर्कषक देखिन्छ । मनुष्याकार यस गरूडको खुट्टा चाँहि चराको जस्तै देखाइएको छ । दुवै हात (पखेटा) फिजाएर उडिरहेको भावपूर्ण मुद्रमा यो मुर्ति रहेको छ ।
चाँगुको गरुडनारायणको सूवर्ण प्रतिमा छेटौं शताब्दी मानिएको छ । यसै मुर्तिसंग मेलखाने चाँगुको प्राङ्गणको पश्चिमोत्तर रहेको प्रसिद्ध गरुडासन विष्णु मुर्तिसंग धेरै मिल्दोजुल्दो छ । गरुडमाथि विराजमान विष्णुको स्थिति, आयुध, आयुध धारण गरेको शैली र गरुडको प्रस्तुति पनि छैठौं शताब्दिका मुर्तिसंग मिल्दो जुल्दो देखिन्छ  छ । यस मुर्तिमा गोलो प्रभामण्डल, चक्र एवंम प्रतिमाको पृष्ठभूमिमा बादल वा आकाशको कलात्मक परिवेश देखाइएको छ ।

# पद्मपाणी लोकेश्वर



पद्मपाणिलोकेश्वर

सूचीकरण संख्याःCNTC २०
पुरातात्विक वस्तुको नामः पद्मपाणी लोकेश्वर

नापः
दिशाः
तौलः

निर्मित पदार्थःढुङ्गा
स्थानःचाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः आठौं शताब्दी

शैलीः पालशेन कला शैली

अभिलेख भएमाःछैन
हालको अवस्थाः मूर्ति हाल नटुक्रिएको अवस्थामा भण्डारमा राखिएको छ ।तर विभिन्न भागमा मूर्तिका ढुङ्गा चोइटिएका छन् ।

राय/सुझावः

मूर्तिहालको नटुक्रिएको सिङ्गा अवस्थामाभण्डारमा रहेका छ ।तर प्राकृतिक प्रतिकुलताको प्रत्यक्ष प्रभावका कारण मूर्तिका विभिन्न भागका ढुङ्गा चोईटिएको छ । यस मूर्तिलाई प्रकृतिक प्रभाव र मानविय व्यवहारबाट हुनसक्ने क्षतिबाट बचाउन आवश्यक कदम चाल्नु आवश्यक छ । मूर्ति भण्डारमा मात्र राख्दैमा सुरक्षित नहुने र नियमित सरसफाई पनि नहुने हुनाले मूर्तिको क्षयहुने क्रम पनि बढ्न सक्ने सम्भावना देखिन्छ । त्यसैले यस सम्बन्धि पनि उचित ध्यान पुऱ्याउनु जरुरी देखिन्छ ।

वस्तुको विवरणः

बौद्धधर्ममा बज्रयानको विकास पछि मात्र पञ्चधानी बुद्धको विकास भएको हो । पञ्चध्यानी बुद्धकरू १)अमिताभ २) अक्षोभ्य ३) वैरौचन ४) अमोघसिद्धि ५) रत्नसम्भव । पद्यमपाणी बोधिसत्व अमिताभ द्धारा उत्पत्ति भएको मानिन्छ । हातमा पद्मनाल सहित दुइभङ्ग अवस्थामा यस मूर्तिलाई देखाईएको हुन्छ । यस मूर्तिमा पद्मपाणीको दुबैतिर विनित भावमा बसेका भक्तिनीहरू देखाईएका छन् । द्विभङ्ग शैलीमा उभिएको पद्यमपाणि लोकेश्वरको यस मूर्ति गुप्तकालपछिको मान्न सकिन्छ । स्थानक मूद्रा रहेको पद्यमपाणिको दुवैतिर घूंडा टेकी बसेका  भक्तिनीहरू विनित मूद्रामा छन् । बिचमा केही ठूलो पद्यमासनमा पद्यमपाणि हातमा पद्यम समाएर उभिएको र अलि तल्लो तहमा केही सानो पद्यममा भक्तिनीहरू छन् । कमलापनका तल्लो भागमा पनि कमलकै डाँढ जस्तो देखिने बुट्टाहरू छन् र शिरमा

मुकुट, कानमा मुण्डल,पाखुरामा बाजू बन्ध,कम्मरमा कम्मर पेटी र धोतिको फुर्का बिचबाट तलसम्म लत्रेको छ। पूर्ण फक्रेको पद्मको लामो डाँढ पनि देखिन्छ। भक्तिनीहरूको पनि शिरमा मुकुट, कानमा कुण्डल र गलामा माला छ।

# विष्णुविक्रान्त

सूचीकरण संख्याः CNTC २१
पुरातात्विक वस्तुको नापः विष्णुविक्रान्त

नापः २४.५ इन्च
दिशाःदक्षिण नैऋत्य कोण
(चाँगु नारायण मन्दिरको दक्षिण पश्चिम कुना)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानःचाँगु नारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः आठौं औं शताब्दी

शैलीः पालसेन कला शैली



विष्णुविक्रान्त

अभिलेख भएमाः छैन
हालको अवस्थाः

मूर्तिको हालको अवस्थामा दुई हात टुक्रिएको अवस्थामा  छ। मूर्तिमा प्रतिकुल प्राकृतिक प्रभावका प्रत्यक्ष प्रभाव देखिन्छ। यसको विभिन्न भागका ढुङ्गा चोईटिएको र विष्णुको अनुहार पनि केहि घिसिएको अवस्थामा छ। मूर्तिका अन्य देवदेवीका अनुहार र अन्य भागहरू पनि केहि घिसिएको देखिन्छ। आठ हातका यस मूर्ति हालको अवस्थमा छहातमा मात्र सिमित छ। दुबै तर्फका एक एक हात टुक्रिएको छ।

राय/सुझावः

नेपालको ईतिहासमा थोरै संख्यामा मात्र पाईएका पाइएका विष्णुविक्रन्तका मूर्तिहरू पाईएको छ। राजा मानदेव भन्दा केहि पछि बनेको यस मूर्ति उत्कृष्ट कलाशैलिमा निर्माण भएको छ। पुराणमा बर्णित कथाको स्पष्ट बर्णन सहितको यस मूर्ति समयको प्रतिकुल असरबाट बचाउन आवश्यक छ। मूर्तिमा कतै कतै ढुङ्गा चोईटिएको देखिएको हुनाले यसलाई बचाउन आवश्यक छ। खुला अवस्थामा ईटाको साधारण घेरामा राखिएको हुनाले यसलाई मानविय एवं प्राकृति प्रत्यक्ष असर पर्न सक्ने हुनाले यस विषयमा पनि समयमा नै आवश्यक कदम चालिनु पर्दछ। यस किसिमका मूर्तिहरूमा गरिने पूजा पद्धतिमा प्रयोग हुने सामग्रीहरूले पनि प्रत्यक्ष नकरात्मक प्रभाव पर्ने हुनाले यस विषयमा पनि छिटो भन्दा छिटो आवश्यक कदम चालिनु पर्छ।

वस्तुको विवरणः

विष्णुविक्रन्तको यस मूर्ति पुराण, मत्यस्य पुराण र वामन पुराणमा उल्लिखित वलिहरण कथाको विषय वस्तु अनुरूप बनाउने गरेको देखिन्छ। यसको प्रतिमा लक्षण पनि सोहि अनुरूप नै बनाउने चलन छ। अनुमानित नवौं शताब्दितिर बनिएको यस मूर्तिमा पनि कलाकारले पूराणमा वर्णित कथा अनुसार नै

बनाउन खोजिएको छ। २४.५ इन्चको यस मूर्ति शैलिगत बनोट, प्रस्तुति र भावभङ्गी परिस्कृत देखिन्छ। यसमा बनाइएको किरीट मुकुट, कुण्डल, बाला, बाजुबन्ध, आयुध र आयुध लिएको अवस्था र पोसाक बनाइएको ढाँचा परिस्कृट देखिन्छ। लक्ष्मी, गरूड, नाग र अन्य आकृतिका असुर राजबली,राजमहिर्षी, वामन रूप विष्णु अश्वमेघ यज्ञको प्रतिक घोडा तथा गुरू शक्राचार्य र असुर सेनाको प्रस्तुतिलाई हेर्दा पौराणिक घटनासंग स्वभाविक देखिन्छ।मूर्तिका माथिल्लो भागमा दुवै सूर्य देखिन्छ। यसलाई चन्द्र र सूर्य भनिएको पाइन्छ।  विष्णुको शिरको पृष्ठभुमिमा लाम्चो ज्वालावलि सहितको प्रभामण्डल पनि बनाइएको छ। यस मूर्ति फलकमा जम्मा घोडा सहित सत्रवटा देव मूर्तिहरू देखिन्छ।

रूपमण्डनमा विष्णुविक्रान्त (त्रिविक्रम) का मूर्ति निर्माण गरिंदा चतुर्विंशतिका आधारमा आयूधक्रम हुनु पर्ने भनिएको छ। यस अनुसार गदा, चक्र, शङ्क र पद्म हुने कुरा भनिएको छ। अग्निपुराण अनुसार पद्म, गदा, चक्र र शङ्क हुनुपर्ने उल्लेख छ।

दानव राजा बलीले अश्वमेघ यज्ञ गरी तिनै लोक आफ्नो अधिनमा लिन खोजेको कुरा पुराणमा उल्लेख छ।  भगवान विष्णुले वामन रुप धारण गरी दानविर राजा बलीसंग तीन पाईला जमिन दान माग्दा,दान दिन लागेको समयको अवस्था देखाइएको छ। एक पाइला आकासतिर,एक पाइला जमिनमा र एक पाइला वलीको शिर माथि राखेको देखाइएको छ। वलीको शिरमाथि पाईला टेकेर जमिनमुनि गाडेको कथा पुराणमा उल्लेख गरिएको छ।

चाँगको यस मूर्तिमा बाँया तर्फ माथितिरबाट क्रमशः चक्र, अभय मूद्रा र दण्ड (मूशल) देखिन्छ। दायाँ तर्फबाट ढाल,पद्म बीज र तल्लो हातमा गदा देखिन्छ। मूर्तिको माथिल्लो भागमा पूर्णचन्द्र र सूर्य देखिन्छन्। दूई अपस्राहरूले पुष्पवृष्टि गरिरहेको देखिन्छ। विष्णुको दायाँतिर लक्ष्मी उभिएको छ र यसको संगै पखेटा सहितको गरूड विनित मुद्रामा देखिन्छ। यसको तलतिर नागलोकको प्रतिकका रुपमा सातवटा नागका छत्र सहितको मूर्ति, विष्णुको पाउ समाएको देवमूर्ति र नारीमूर्ति(पृथ्वी) देखाईएको छ। यसको संगै वानम रुपमा विष्णु दान थापेको अवस्थामा, वलि राजादान दिन लागेको अवस्थामा र संगै वलि राजाका रानी बिन्धायावली देखिन्छ। यसको संगै अश्वमेघ यज्ञका प्रतिक घोडा र तलतिर बसेको अवस्थमा यज्ञ गर्न बसेका ब्रह्मण छ। यसको माथितिर हातमा खड्ग उचालिर रहेका शुक्रराज  देखिन्छ। यसको माथि आकास देवता(आकास भैरव) छ।  विष्णुका पाउ  हटाउन प्रयत्नरत राक्षस देखिन्छ।

# गरुड

सूचीकरण संख्याःCNTC २२
पुरातात्विक वस्तुको नामःगरूड

नापः
दिशाःपुर्वाभिमुख
(चाँगुनारायण मन्दिरको पश्चिमतिर
रहेको मूर्ति)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चागुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः सातौं शताब्दी



गरूड

शैलीः गुप्तकालिन कला शैली

अभिलेख भएमाःसंवत ३८६ (वि.सं.५२१) को मानदेवको अभिलेख यसको पछाडिको शिलालेखमा अवस्थित छ ।
हालका भौतिक अवस्थाः

मूर्तिको हालको अवस्था नटुक्रिएको छ । मूर्ति सिङ्गो अवस्थामा भए पनि घाम पानीको प्रतिकूल असरका कारण यसको ढङ्गाको पाप्राहरू उम्किाने क्रममा छ । यसको पछाडीतिर रहेको वि.सं. ५२१को अभिलेखको अक्षरहरू पनि अस्पष्ट देखिन थालेको छ ।

राय/सुझावः

यस मूर्तिको हालको अवस्था राम्रै छ । अहिलेको विग्रदो वातावरणिय प्रभावका कारणले यसलाई क्षति पूऱ्याउन सक्ने हुनाले यसको संरक्षणका लागि विचार पुऱ्याउनु पर्ने देखिन्छ । घाम पानीबाट बचाउन छानाको व्यबस्था गर्न सकिन्छ । भक्तजनहरूले पूजाविधिमा चढाउने सामग्रीहरूले पनि मूर्तिलाई क्षति पुऱ्याउन सक्ने हुनाले यसबाट बचाउन पनि विचार पुऱ्याउनु पर्ने देखिन्छ । यो भक्तजनहरूको भावनासंग जोडिएको सम्बेदनशिल बिषय भएको हुनाले यसतर्फ सहि तरिकाबाट काम गर्नु पर्ने हुन्छ ।

वस्तुको विवरणः

चागुनारायणको सामुन्ने रहेको तिथिमिति सहितको गरूडको यस सुन्दर मूर्ति नेपालको मूर्ति ईतिहासमा विशालकाय र दुर्लभ मानिएको छ । गठिलो र कस्सिएको शरीर,पुष्ट चौडा छाती,वलिष्ठ हातपाखुरा, कसिएको तिघ्रा र सानो कम्मर यस मूर्तिका विशेषता हुन् । मिलेको मुखाकृति र यसमा देखाईको

जुँगाले मूर्तिलाई बढिनै आकर्षक बनाएको देखिन्छ। राजसी पुरुषको व्यक्तित्वमा घुम्रिएको कपाल, कानमा वाटुला कुण्डल, गलामा सर्पको माला, हातमा वाला,र बाजु बन्धक तथा पारदर्शि वस्त्रमा शान्त र सौभ्य भावमा देखाईको छ। विनित मूद्रामा दायाँ घूडा टेकि बायाँ घूँडा खुम्चाएर बसेको देखाइएको छ। गरूडलाई वैदिक एवम् पौराणिक देवताको रुपमा मान्ने गरिन्छ। पुरातात्विक आधारमा पनि गरूडका मूर्तिहरू प्रसस्त भएको पाईन्छ।
नेपालमा पाईएको विष्णु मन्दिर अगाडिको गरूडलाई प्राय विनित (भक्ति) मूद्रामा देखाउने गरिन्छ। कतै कतै गरूडकै मुखाकृति देखाईको हुन्छ भने कतै कतै पुरुष मानव मुखाकृतिमा देखाउने गरिएको पाइन्छ। यहाँको यस मूर्तिलाई राजा मानदेवकै स्वरूप मान्ने गरिएको देखिन्छ।
पक्षीराज गरूड विष्णुका वहान बनाउने नियम मूर्ति विज्ञानमा उल्लेख गरिएको छ। गरूडको दुइ,चार,आठ वटा हात हुने, चराको मुख, नङ्ग्रा र शरीर मानिसको हुने भनिएको छ। अग्निपुराणमा गरूडको आठ हात हुने वर्णन छ। विष्णुधर्मोत्तरमा गरूडको चार हात हुनु पर्ने र चार हातमा छाता,पूर्णकुम्भ र शेष दुई हात अञ्जलीमुद्रामा हुने कुरा उल्लेखित छ।

# विश्वरूप

सूचीकरण संख्याःCNTC २३
पुरातात्विक वस्तुको नापः विश्वरूप

नापः
दिशाः पश्चिमाभिमूख
(चाँगुमन्दिरको दक्षिण दिशामा अवस्थित)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानःचाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयःलगभग आठौं शताब्दि

शैलीः
अभिलेख भएमाःछैन

हालको अवस्थाः



विश्वरूप

मूर्तिको बायाँ खण्डको माथिल्लो भाग खण्डित छ। पहिले खुला अवस्थामा रहेको मूर्ति हाल ईटाको आर्शमा मूर्तिलाई राखिएको छ। पहिले खुला अवस्थामा रहेको हुनाले मूर्तिका विभिन्न भागका ढुङ्गाका पाप्राहरू उप्किएको देखिन्छ।

राय/सुझावः

यस मूर्तिको हालको अवस्था बायाँ खण्डको माथिल्लो भाग खण्डित छ। अहिलेको विग्रदो वातावरणिय प्रभावका कारणले यसलाई क्षति पूऱ्याउन सक्ने हुनाले यसको संरक्षणका लागि विचार पुऱ्याउनु पर्ने देखिन्छ। खुला अवस्थामा रहेको यस मूर्तिलाई घाम पानीबाट बचाउन उचित छानाको व्यबस्था वा सानो मन्दिर परम्परागत शैलीमा निर्माण गर्न सकिन्छ। भक्तजनहरूले पूजाविधिमा चढाउने सामग्रीहरूले पनि मूर्तिलाई क्षति पुऱ्याउन सक्ने हुनाले यसबाट बचाउन विचार पुऱ्याउनु पर्ने देखिन्छ। यो भक्तजनहरूको भावनासंग जोडिएको सम्बेदनशिल बिषय भएको हुनाले यसतर्फ सहि तरिकाबाट काम गर्नु पर्ने देखिन्छ।

वस्तुको विवरणः

हिन्दूहरूको प्रसिद्ध धार्मिक ग्रन्थ गीतामा विष्णुको विश्व रूपको वर्णन पाइन्छ। उनलाई स्थूल रुपमा विश्व ब्रह्माण्डरूप अथवा विश्वरूप मानिन्छ। कृष्ण द्धारा अर्जुनलाई दिइएको कर्म, भक्ति र ज्ञान बोध यही रूपले व्याख्या गरेको देखिन्छ। आठौं शताब्दी तिरको मानिने चाँगुनारायणको मूर्तिमा यसै

कुरालाई दर्शाउन खोजिएको छ । यसमा तात्कालिन समाजमा प्रचलित वर्ण वर्गिकरण पनि साह्रै नै प्रष्ट रूपमा दर्शाइएको छ । विश्वरूपको यस मूर्तिमा ब्राह्मण मुखबाट, क्षत्रि पाखुराबाट निस्कन लागेको देखाइएको छ । यसरी नै जन्म मरणको चक्र दर्शाउन पनि कलाकार सफल भएको देखिन्छ । विश्वरूपको एउटा मुखबाट मानिसको जन्म, अर्को मुखबाट मरण देखाउन मानिस मुखबाट निस्कन लागेको र अर्को मुखबाट पस्दै गरेका दृश्य अति नै सजिव ढङ्गबाट कुँदिएको छ । यस मूर्तिको बाँया तर्फको भाग खण्डित छ भने अन्य भाग यथास्थितिमा नै देखिन्छन् । यस मूर्तिको नौवटा टाउको, दशवटा हात र दुइवटा खुट्टा प्रष्ट देखिन्छ । यस मूर्तिको प्रशंसनीय पक्ष मूर्तिलाई तहतह छुट्याएर कुद्नु हो । प्रथम, सबभन्दा तल्लो तहमा संकर्षण, दोश्रो तहमा पृथ्वीमाता, नागराज र चारवटा हात्तीहरू, तेस्रो तहमा अर्जून, लक्ष्मी र बायाँ तर्फ उर्वशी (भूदेवी) र उड्न लागेको गरुड नमस्कार मूद्रमा , चौथो तहमा बायाँ तर्फ दुब्लो दारी पालेका तपस्याले शरीर र्जीण भएका मुनी (ऋषि) हरू देखिन्छन् । यसको दायाँ तर्फको भागमा तहतह छुट्याएर विभिन्न मूर्तिहरू कुदिएका छन्–अञ्जली मुद्रामा अश्विनी कुमारहरू, चार लोकपालहरू इन्द्र, यम, कुवेर र वरुण आयुध सहित बादलले छुट्याइएर बनाइएको देखिन्छ । यस पछिको तहमा अष्ट वशुहरू, एकादश रुद्रका एघारवटा मूर्तिहरू, सबैभन्दा माथि गोलो आकारको सूर्य र डाँठ सहित फक्रेको कमलको फूलमा बसेका शिव देखाइएको छ र शिवको चारवटा हातमा अक्षमाला, त्रिशूल, तुम्बी र एउटा हात बरद मूद्रमा देखिन्छ । यस मूर्तिमा फूटेको बायाँतर्फको भागमा ब्रह्मा र चन्द्रमाको मूर्ति हुनु पर्ने कुरा इतिहासबिदहरू बताउँनु हुन्छ । यस मूर्तिको सबभन्दा तल शेषको शैयामा विष्णुलाई आराम गरेको देखाइएको छ । विष्णुको अवतार संकर्षणमा हुनु पर्ने सबै गुण यसमा देखाइएको छ । सबभन्दा तल्लो खण्डमा कुदिएको मूर्ति शेषजीको अवतार वलरामको हो र शिरमा सातवटा नागको छत्र देखाइएको छ । विश्व ब्रह्माण्डको झलक देखाउन पातालको नाग र आकाशको चन्द्र सूर्य दुवै यस मूर्तिमा देखाइएको छ भने चार दिशाको प्रतीक चार दिक्पालहरू(हात्तीहरु) देखाइएको छ । यस मूर्तिको अर्को सजिव प्रस्तुति पृथ्वीलाई सुन्दर स्त्रीको रूपमा देखाइएको छ । पृथ्वीलाई पृथ्वीमाता मान्ने हिन्दू परम्परा अनुसार पृथ्वीलाई मानव रूपमा देखाइएको हो । पृथ्वीमाताले विश्वरूपको दुवै पाउ, हात र काँधले थामेकी देखाइएको छ । पृथ्वीको नाइटो भन्दा तलको भाग देखाइएको छैन । पृथ्वीमाताको दायाँ र बायाँ नागराज देखाइएको छ । नागराजको टाउकोमा पाँचवटा टाउको भएको नागको छत्र देखाइएको छ । विश्वरूपको शरिरको वजनको भारको भाव नागराजको अनुहारमा अति सजिव ढंगबाट उतार्न कलाकार सफल देखिन्छ । नागराजको गलाको दानेदार माला, हातको बाला, कानको कर्णफूल र घुर्मिएको कपाल अति नै सुन्दर देखिन्छन्

# बुद्ध

सूचीकरण संख्या:CNTC २४
पुरातात्विक वस्तुको नाम: पद्यमपाणि लोकेश्वर

नाप:
दिशा: पश्चिम
तौल:

निर्मित पदार्थ: ढुङ्गा
स्थान:चाँगुनारायण मन्दिर परिसरको भूत ख्य:
मिति वा अनुमानित समय: आठौं शताब्दी

शैली: मूर्तिको शैली हेर्दा शाक्य मुनि अथवा पद्यमपाणिको मूर्तिको जस्तै देखिन्छ ।

अभिलेख भएमा:
हालको अवस्था: यस मूर्तिको हालको अवस्था खण्डित छ । शिरको भाग र शरीरको तल्लो भाग नभएको अवस्थामा छ ।



बुद्ध

राय/सुझाव:

खण्डित टुक्रिएको अवस्थामा रहेको यस मूर्तिलाई जोगाउन आवश्यक छ । मूर्तिको शिरको भाग र तल्लो भागको खोजी गरी परापरागत शैलीबाट यसको संरक्षण गरिनु पर्दछ । मूर्तिको संरक्षण गरी उचित ढंगबाट यसलाई राखिनु आवश्यक देखिन्छ ।

वस्तुको विवरण:

बौद्धधर्ममा बज्रयानको विकास पछि मात्र पञ्चधानी बुद्धको विकास भएको हो । पञ्चध्यानी बुद्धकरू १)अमिताभ २) अक्षोभ्य ३) वैरौचन ४) अमोघसिद्धि ५) रत्नसम्भव । पद्यमपाणी बोधिसत्व अमिताभ द्धारा उत्पत्ति भएको मानिन्छ । हातमा पद्मनाल सहित दुइभङ्ग अवस्थामा यस मूर्तिलाई देखाईएको हुन्छ । यस मूर्तिमा पद्मपाणीको दुबैतिर विनित भावमा बसेका भक्तिनीहरू देखाईएका छन् ।

# गरूड

सूचीकरण संख्याः CNTC २५
पुरातात्विक वस्तुको नामःगरुड

नापः
दिशाः पूर्व (चाँगुनारायण मन्दिरको पूर्वपट्टि रहेको भट्टबारी)
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः भट्टबारी (चाँगुनारायण मन्दिर परिसर)
मिति वा अनुमानित समयःआठौ नवौं शताब्दी

शैलीःउत्तर मध्कालिन शैली
अभिलेख भएमाःछैन

हालको अवस्थाः मूर्तिको हालको अवस्था राम्रो देखिदैन। मूर्तिमा विभिन्न भागका ढुङ्गाका ठूला टूला टुक्राहरू चोईटिएको छ। यसको दुवै हात टुक्रिएको छ।



गरूड

राय/सुझावः

ऐतिहासिक महत्व रहेको यस मूर्तिको हालको अवस्था ज्यादै नराम्रो भएकोृ हुनाले यसलाई समयमा नै बचाउनु पर्दछ। यसको टुक्रिएको भागको खोजि गरि गरी परम्परागत ढंगबाट जोडी यसलाई बचाउनु पर्दछ।

वस्तुको विवरणः

गरूडलाई वैदिक एवम् पौराणिक देवताको रुपमा मान्ने गरिन्छ। रूपमण्डनमा गरूडका चार हात गोलो मुख, गोलो आंखा र उल्लुको जस्तो नाक बनाउनु पर्ने भनिएको छ। नेपालमा पुरातात्विक आधारमा पनि गरूडका मूर्तिहरू प्रसस्त भएको पाईन्छ तर ती मूर्तिहरू प्राय मन्दिर बनाउने भक्त वा मन्दिर बनाउन लगाउने राजा महाराजाहरूको रुप अनुरूप बनेका पाईएका छन्। विष्णु मन्दिरको अगाडि विष्णुका वाहन गरूडलाई विनित मूद्रमा घुँडा टेकि बसेको अवस्थामा देखाउने गरिन्छ। यहाको गरूडको स्वरुप मानवाकृति र गलामा सर्पको माला र कपाल माथितिर लगि जुरो बनाएको देखिन्छ।

# सिंहिनी

सूचीकरण संख्या:CNTC २६
पुरातात्विक वस्तुको नाम:सिंहिनी

नाप:
दिशा:
तौल:

निर्मित पदार्थ:ढुङ्गा
स्थान: चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समय:अ. दशौ एघारौ

शैली: मध्यकालिन शैली

अभिलेख भएमा: छैन
हालको अवस्था: मूर्तिको हालको अवस्था टुक्रिएको अवस्थामा छ। यस मूर्तिमा पनि घाम पानीको प्रतिकूल असर देखिन्छ। मूर्तिको मुकुटको देब्रेतिरको भाग टुक्रिएको छ।



सिंघिनी

राय/सुझाव:

मूर्तिका कलाकौशल हाम्रो अमुल्य निधि भएको हुनाले यसमा हुन सक्ने क्षतिको बारेमा बिचार गरि समयमा नै बचाउनु पर्दछ।

वस्तुको विवरण:

पञ्चमुखी महादेवको दक्षिण मुख भैरवको मुख हो। तन्त्रमा भैरवका अनेक रुपको वर्णन पाईन्छ। सिंहिनी पनि भैरवको तान्त्रिक रुप हो। चार हात भएको  यस मूर्तिमा माथिल्लो हातमा चमर र खटवाङ्ग देखिन्छ। तल्लो हातले पाश समाएको छ। प्रत्यालिढसानमा रहेको यस मूर्तिको वाहन यहा देखिदैन।

# शिव

सूचीकरण संख्या:CNTC २७
पुरातात्विक वस्तुको नाम:शिव

नाप:
दिशा:
तौल:

निर्मित पदार्थ: ढुङ्गा
स्थान: चाँगुनारायण मन्दिर परिसर

मिति वा अनुमानित समय: उत्तरमध्यकालिन शैली



शिव

शैली:यस मूर्ति नन्दिमाथि आसिन पञ्चमुखि शिवको हो । दशहातभएको यस मूर्तिमा विभिन्न आयूधहरु लिएको देखाइएको छ । यस मूर्ति पाँचवटा टाउको सहितको छ ।

अभिलेख भएमा:छैन
हालको अवस्था: मूर्तिको हालको अवस्था राम्रो देखिन्न । पञ्चमुखको यस मूर्तिको मुख्य अनुहारको रुप बुझ्न नसकिने अवस्थाको छ । दशहातका आयूधहरु बुझ्न नसकिने भएको छ ।

राय/सुझाव:

उकिृष्ट कलाशलीको यस मूर्तिलाई संरक्षण र संम्बर्धन गर्नु आजको आवश्यकता हो । नन्दिमाथि विरजमान पञ्चमुखि शिवको मूर्ति विरलै मात्रामा पाइन्छ । पद्मासनमा सहज ढंगमा बसेको नन्दिमा पञ्चमुखि शिव बज्रासनमा बसेको देखिन्छ । देब्रहात अभयमुद्रा रहेको प्रष्ट देखिन्छ तर अरुहातहरुो मुद्रा र आयूधहरुअसपष्ट छन् । शिवको कानमा सर्प कै कुण्डल देखिन्छ । गलामा सर्पको माला सहित अरुगहना पनि देखिन्छन् । कम्मरमा बुट्टेदार कम्मर पेटी र गलामा लामो फुलको माला पनि देखिन्छ ।

वस्तुको विवरण:

पञ्चमुखी महादेवको मूर्तिमा सद्योजात,वामदेव,अघोर, तत्पुरुष र ईशान बनाईन्छ । ती मुखहरु मध्ये पूर्वमुख महादेव मुख, दक्षिणको मुख भैरवमुख, पश्चिमको नन्दिमुख, उत्तरको उमामुख र माथिल्लो पाँचौ सदाशिव हुन्छ । उत्तरको वामदेव स्वरुपको उमामुख मात्र दुइ नेत्रको हुन्छ । अरुमुख त्रिनेत्रका हुन्छन् । दश बाहुमध्ये महादेवका बाहुमा अक्षमाला र कमण्डले, सदाशिवमुखका बाहुमा धनु र बाण, भैरवमुखका बाहुमा दण्ड र विमिरो, नन्दिमुखका बाहुमा चर्म र त्रिशूल,उमामुखका बाहुमा दर्पण र नीलो कमल हुन्छन् । शिवका सबै शिरमा चन्द्रकला र वासरकी नाग जनै हुन्छन् । बाघको छाला धारण गरेको, वृषमाथि चढेको, शुक्लवर्णको सोह्ल वर्षेस्वरुप शिवको स्वरुप गराउनू भनी विष्णुधर्मोत्तरमा उल्लेख

गरिएको छ । मत्स्यपुराण्मा शुक्लवर्ण सुन जसे तेजस्वी,बाहु र काँध मोटा भएको, सूर्य जस्तो चम्किलो र पैतपी, जटामा चन्द्रमा धारण गर्ने,जटाकै मुकुट गरेको, बाहुहरुमा नाना भूषण लगाउने, सोश्र वर्षे, हात्तीको सूँढ जस्ता बाहु, शरीर सुहाउँदो जटा र, विशाल र लामा नयन गरेको, व्याघ्र चर्म, तेवरी, कन्ननी हार, केयूर र सर्पको भूषण धारण गर्ने, मोटा र ठूला गाला गरेको, कुण्डलधारी । सौम्य, शान्त, सुन्दर मूर्तिको घँडासम्मका लामा बाहुमध्ये दायाँ बाहुहरुमा खड्ग,,शक्ति, दण्ड, त्रिशूल र बायाँ बाहुहरुमा खेटक,कपाल, नाग र खट्वाङ्ग धारण थरेको एउटा बाहु वरदमुद्रको र अर्को बाहु रुदैक्षमाला लिएको नात्यशास्त्र नृत्यको अभिनय गरी विरजमान, दश बाहुकी, हात्तीको छाला ओढ्ने, बाघको छाला त्रिपुरदाहमा चाहिं शंख, चक्र, गढा,घण्टा, पिनाक धनु र बाण लिने सोह्र काहुको चतुर्काहुको वा अष्टबाहुको स्वरुपको वर्णन पाइन्छ ।

# कृष्ण



कृष्ण

सूचीकरण संख्याः CNTC २८
पुरातात्विक वस्तुको नामः कृष्ण

नापः
दिशाः
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः
मिति वा अनुमानित समयः

शैलीःमध्यकालिनकलीन पछिल्लो शैली
अभिलेख भएमाः छैन

हालको अवस्थाः मूर्तिको हालको अवस्था राम्रो देखिदैन । मूर्तिको हातहरू टुक्रिएको अवस्थामा छ । कृष्णको बांसुरी पनि देखिदैन । यसको माथिल्लो पछाडीको भाग टुक्रिएको छ ।

राय/सुझावः

वस्तुको विवरणःद्वापर युगका नायक कृष्णको महिमा अनेक छ । कृष्णको लिलाको वर्णनमा बाललिला देखि युवा अवस्थाका भूमिका अपरिहार्य मानिन्छ ।  कृष्ण महाभारतका नायक पनि मनिन्छ । रुपमण्डनमा कृष्णको आयुधहरूमा पाञ्चजन्य शङ्ख,गदा, पद्म, र सुदर्शन चक्र भनिएको छ ।

# हनुमान



हनुमान

सूचीकरण संख्या:CNTC २९
पुरातात्विक वस्तुको नामः हनुमान

नापः
दिशाः पूर्व
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः भट्टवारी (चाँगुनारायण मन्दिर परिसर)
मिति वा अनुमानित समयः मध्यकालिन शैली

शैलीः हनुमानको यस मूर्ति प्रतिलिढासनमा, चार हात सहितको छ ।हातका आयूधहरु नबुझिने अवस्थाका छन् । कानमा ठूला ठूला कुण्डल देखिन्छ । छातीमा कवच, कम्मरमा पेटी, धोतीको फूर्का तलसम्म लत्रेको देखिन्छ । पाहाडको (चट्टान) प्रतिक देखाइएको ढुङ्गामाथि यस मूर्ति रहेको छ ।

अभिलेख भएमाः छैन
हालको अवस्थाः

यस मूर्तिको अनुहार पनि प्रष्ट नबुझिने र मूर्तिको चारहातका अयूधहरु नबुझिने अवस्थाका छन् । मूर्तिको ढुङ्गा पनि ठाउँ ठाउँमा चोइटिएको अवस्थामा छन् । हाल यस मूर्ति भट्टबारीमा जस्ताको टहरो भित्र अव्यवस्थित अवस्थामा राखिएको छ ।

राय/सुझावः

घाम र पानीको प्रतिकूल असरले जिर्ण भईसकेको मूर्ति हालको अवस्थामा जस्ताको टहरो मूनि अव्यवस्थित ढंगबाट राखिदा मूर्ति बिग्रन सक्ने अवस्थामा छ । पुर्खाको सम्पति भावीपिढीको नासोको रुखिन्छ ।

वस्तुको विवरणः

वायू (पवन) पूत्र हनुमानलाई रामायणमा वलवान  र रामका भक्तका पात्रमा लिईन्छ । रामायणमा रामलाई गरेको सहयोगको चर्चामा हनुमानको वर्णन गरिन्छ । रूपमण्डनमा पवनको एक हात वरद मुद्रामा र दौस्रौ हातमा कमण्डलु हुने भनिएको छ । उनलाई वायव्य कोणका दिशापति भनिएको छ । यहाको यस मूर्तिलाई चट्टानासनमा उभिएको देखाईएको छ । आलिढासनमा रहेको हनुमानको चारहात देखाईएको छ । हातको आयुध प्रस्ट नदेखिने अवस्थामा छ ।  छातीमा कवच, कम्मर पेटी,बुट्टेदार छोटो जामा, धोतीको आर्कशक लामो फूर्का देखिन्छ ।

# महांकाल

सूचीकरण संख्या:CNTC ३०
पुरातात्विक वस्तुको नामः महांकाल



महांकाल

नापः
दिशाः
तौलः

निर्मित पदार्थः ढुङ्गा
स्थानः चाँगुनारायण मन्दिर परिसर
मिति वा अनुमानित समयः

शैलीः मध्यकालिन शैली
अभिलेख भएमाः

वस्तुको विवरणः

राय/सुझावः

वस्तुको विवरणः हिन्दु र बौद्ध धर्मका अनुयायीहरुको पुजा उपासन ागर्ने उग्र तथा तान्त्रिक देजता महांकाल प्रतिमा शास्त्रमा डरलाग्दो स्वरुपमा प्रस्तुत गरिन्छन् । हिन्दुहरुले यीनलाई शिवको उग्र रुप भैरवको रुपमा मान्दछन् बौद्ध धर्मालम्वीहरुले वज्र क्रोध एवं बज्र साधु गरी दुई श्वरुपका महाकालको पुजा गर्दछन् । हिन्दु देवता शिवले काललाई नष्ट गरी मृत्युलाई जित्ने ( मृत्युञ्जय) भएकाले उनलाई महांकाल भनिएको हो । उनले अन्तिम संहार गर्नेवेलामा महांकाल रुप धारण गर्ने विश्वास गरिन्छ । मत्स्यपुराणको उल्लेख अनुसार शिवले पार्वतीलाई 'काली' भनी सम्बोधन गरेपछि पार्वतीले शिवलाई महांकालको नामले सम्बोधन गरेकी थिइन् ।
चाँगुनारायण्मा पाईको महांकालको मुर्ति पनि प्रतिमा शास्त्रमा नै आधारित भएर निर्माण गरिएको प्रस्तर मुर्ति हो । यस मुर्तिमा दुई वेतान को शरिरमाथि टेकेर वसेका महांकालका आठ हातमा आयूधहरुक्रमशः दायाँको माथिवाट तलतिर खड्ग, डमरु.......वायाँ माथिवाट व्रमश चक्र, त्रिशूल, मुण्ड, ... लिएका छन् । ज्वालायूक्त प्रभामण्डल, डरलाग्दो अनुहार ठूला ठूला आँखा, लामो घुँडासम्म लत्रेको मुण्डमाला लगाएक्ष वुट्टेदार मुकुट,कानमा केण्डल हातमा वाला केयूर टूलो भुँडी कण्ठमा हार, हरीरको तल्लो भागमा मात्र वस्त्र धारण गरेको अति डरलाग्दो मुर्ति महांकालको रहेको छ ।